## मूल्यवृद्धि फिर्ता गर

काठमाडौं । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोध गर्दै त्रिचन्द्र क्याम्पसबाट सुरु भएको विद्यार्थी आन्दोलनले बिहीबार नेपाल आयल निगमको केन्द्रीय कार्यालय घेराउ गरेको छ ।

नेकपा एमाले र माओवादी केन्द्रसँग नजिक रहेका युवा विद्यार्थी संगठनले पेट्रोलियममा भएको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गर्दै बिहान ११ बजे बबरमहलमा रहेको निगमको कार्यालय घेराउ गरेका छन् । हचुवाका भरमा पेट्रोलियम पदार्थमा **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन काठमाडौंमा

काठमाडौं । भगवान गौतम बुद्धको शान्ति सन्देश विश्वभर पुऱ्याउने उद्देश्य लिएर विश्व शान्तिको कामना गर्दै काठमाडौंमा हिजोबाट अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सुरु भएको छ । सम्मेलनको उद्घाटन रक्षामन्त्री भिमसेनदास प्रधानले गर्नुभएको थियो ।

सम्मेलनको उद्घाटन गर्दै मन्त्री प्रधानले विश्वभर शान्तिको सन्देश फैलिएकोमा नेपाललाई गर्वको अनुभूति भएको बताउनुभयो । उहाँले नेपाल विश्वका बुद्ध र हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र रहेको बताउनुभयो । नेपालले सबै **बाँकी ८ पेजमा**

वर्ष ६ अंक ३७, २०७४ साल पुस २१ गते शुक्रबार, नेपाल संवत् ११३८ (Jan. 5, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सिलवालविरुद्ध किन लाग्दैछ राज्य ?

काठमाडौं । पूर्वडीआईजी नवराज सिलवाल प्रहरी महानिरीक्षक बन्न नपाएपछि प्रहरी सेवाबाट राजीनामा दिएर सक्रिय राजनीतिमा प्रवेश गरे । गत निर्वाचनबाट उनलाई जनताले अत्यधिक मतले विजयी पनि गराए । तर सिलवालको मुद्दा अझै सकिएको छैन । मंगलबार ललितपुर प्रहरीले उनीविरुद्ध किर्ते जालसाजी मुद्दामा पक्राउ पुर्जी जारी गरेपछि मुद्दा अझै तन्किएको छ । केही दिनअघि सर्वोच्चले सिलवालले प्रहरी महानिरीक्षकमा बढुवा गर्न माग गर्दै पेस गरेको मुद्दामा संलग्न आन्तरिक कार्य सम्पादन मूल्यांकन फाइलमा किर्ते गरेको भन्ने आरोपमा अनुसन्धान गरी कार्बाही गर्न आदेश दिएपछि प्रहरीले सक्रियता देखाएर उनलाई पक्राउ पुर्जी जारी गरेको हो ।

विगतमा सक्षम र इमानदार प्रहरीको छवि बनाएका सिलवालले आईजीपीको बढुवामा भएको चलखेलबाट **बाँकी ८ पेजमा**

# नयाँ शिराबाट अघि बढ्ने प्रयासमा माले

काठमाडौं । प्रदेशसभा र प्रतिनिधिसभामा कुनै पनि उम्मेदवारलाई प्रतिनिधित्व गराउन नसकी निर्वाचनमा नराम्रो ढंगले पराजय भोग्न पुगेको नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) ले केन्द्रीय कमिटीको सातौं पूर्ण बैठकको आमन्त्रण गरी गम्भीर ढंगको समीक्षा गरिरहेको छ । पुस १८ गतेदेखि २१ गतेसम्म जारी रहने बैठकमा तीनवटै निर्वाचनको मिहिन ढंगले समीक्षा गर्दै आगामी दिनमा पार्टीलाई नयाँ शिराबाट माथि उठाउने उपायको समेत खोजी भइरहेको छ ।

पार्टीका महासचिव क. सीपी मैनालीले पार्टी कार्यालयको सभाकक्षमा बैठकका एजेन्डाहरु प्रस्तुत गर्दै बैठकको आरम्भ भएको घोषणा गर्नुभएको थियो । बैठकले एजेन्डाहरुको सूची अनुमोदन गरेपछि महासचिव मैनालीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै उहाँले स्थानीय निर्वाचनदेखि प्रदेश हुँदै प्रतिनिधिसभाको निर्वाचनसमेत उपलब्धिमूलक हुन नसके पनि ४० वर्ष लामो इतिहास बोकेको नेकपा मालेले आगामी दिनमा थप रचनात्मक र जिम्मेवार ढंगले जनताको काममा सहभागी हुन कुनै कसर बाँकी



नराख्ने र केन्द्रदेखि स्थानीय तहसम्म जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभयो ।


उहाँले निर्वाचन परिचालनमा नेतृत्वले लापर्बाही नगरेको र अघिल्ला निर्वाचनमा भन्दा व्यवस्थित ढंगले निर्वाचन परिचालन गरेको बताउनुभयो । पार्टीले लिएका सिद्धान्त, नीति कार्यक्रम र एजेन्डाहरु राम्रा भए तापनि त्यसलाई जनतासमक्ष पुऱ्याउने पर्याप्त जनशक्ति, स्रोत साधनको अभाव रहेको भन्दै उहाँले पराजयका कारणहरु बुँदागत रुपमा प्रस्तुत गर्नुभएको थियो । नेकपा मालेको पोलिटब्युरो बैठकले समेत निष्कर्षका रुपमा ठहर गरेका पराजयका कारणहरुमा अपेक्षित रुपमा संगठन नहुनु, पार्टीको प्रतिष्ठामा गिरावट आउनु, अवसरवादी वाम गठबन्धनप्रति जनताको आकर्षण बढ्नु, एमालेको शत्रुतापूर्ण व्यवहार र उसले गरेको दुष्प्रचार, निर्वाचनको बीचमा नेताहरुको पलायन, राष्ट्रिय राजनीतिमा आएको विकृतिलगायत रहेका छन् ।

पार्टीका प्रत्यक्ष उम्मेदवारहरुलाई भन्दा पार्टीलाई समानुपातिकतर्फ आएको निकै कम मतलाई महासचिव मैनालीले पार्टीको प्रतिष्ठामा आएको गिरावटका रुपमा व्याख्या गर्नुभएको छ । पार्टीका ५ जना सांसद सदस्यमध्ये आफूबाहेक चार जनाले पार्टी छोडेर गइदिनाले पार्टीको प्रतिष्ठामा नै आँच पुगेको भन्दै उहाँले जनताले सांसद समेत नटिक्ने पार्टी अथवा चुहुने भाँडोमा किन भोट हाल्ने ? भन्ने मानसिकता बनाएको हुन सक्छ भन्नुभयो । त्यसैगरी उहाँले सांसद सदस्यहरुको संसदमा सशक्त ढंगको प्रस्तुति हुन नसकेको, सरकारको काम प्रभावकारी नभएको, पार्टीले गर्ने जनकार्यहरुमा कमी आएकोले गर्दा पनि पार्टीको लोकप्रियता घटेको निष्कर्ष राजनीतिक प्रतिवेदनमा प्रस्तुत गर्दै पार्टीले चालु बैठकमा सैद्धान्तिक अवस्था, राजनीतिक अवस्था र सिंगो समसामयिक वस्तुस्थितिको निर्मम ढंगले समीक्षा गर्दै नवीन कार्यदिशा तय गरेर आगामी दिनमा थप सशक्त र ऊर्जाशील बनेर अघि बढ्ने दृढता प्रस्तुत गर्नुभयो ।

उहाँले मार्क्सवादी वर्ग विश्लेषणको जगमा उभिएर गरिने आर्थिक क्रान्तिले मात्र मुलुक र जनताको भविष्य उज्ज्वल बन्न सक्ने भन्दै पार्टीले प्रगतिशील लोकतान्त्रिक कार्यक्रमहरु अघि सार्ने बताउनुभयो । मार्क्सवादलाई विकृत नबनाई राष्ट्रिय पुँजीको प्रवर्द्धन र पर्यावरणमैत्री आर्थिक विकासको खाका कोरेर थप आँटिलो भएर नवप्रवर्द्धनलाई पार्टीले अगाडि बढाउने विश्वास उहाँले व्यक्त गर्नुभयो । नेकपा मालेले अवलम्बन गरेको मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनको सैद्धान्तिक औजारलाई चालु केन्द्रीय कमिटीको पूर्ण बैठकले थप स्पातिलो र चम्किलो बनाएर अघि बढेमा लक्ष्यमा पुग्न असम्भव नरहेको महासचिव मैनालीले उद्घोष गर्नुभयो ।

बैठकमा पोलिटब्युरो सदस्य कुमार वेल्वासेले पोलिटब्युरो बैठकका निर्णयहरु प्रस्तुत गर्दै अनुमोदन गराउनुभएको थियो । उहाँले समीक्षा प्रतिवेदन पनि प्रस्तुत गर्नुभएको थियो । प्रदेश सचिवहरु केपी **बाँकी ८ पेजमा**

## नेगासको साधारण सभा




गत शनिबार पुष १५ गते नेपाल जर्मन एकेडेमिक एसोसिएसन (नेगास) ले २९ औं साधारणसभा सम्पन्न गरेको छ । नेगासका अध्यक्ष सुरेन्द्र ढकालको अध्यक्षतामा भएको उक्त सभामा नेगासका सचिव डा. राजेन्द्र केसीले आ.व. २०७३ ।७४ मा नेगासले सम्पन्न गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन र कोषाध्यक्ष प्राध्यापक शारदा श्रेष्ठले नेगासले सोही अवधिमा गरेको आय/व्ययको प्रतिवेदन पेस गर्नुभयो । उक्त दुवै प्रतिवेदनलाई सल्लाह र सुझावसहित बैठकले अनुमोदन गरेको थियो । **बाँकी ८ पेजमा**

# प्रचण्डको व्यवस्थापन एमालेमा टाउको दुखाइ

काठमाडौं । निर्वाचनअघि नै एउटै चुनाव चिन्हमा लड्नेसम्मको सहमति नजिक पुगेका एमाले, माओवादी निर्वाचनको नतिजापछि पार्टी कसरी एक बनाउने भन्ने विषयमा एक अर्काबीच सशंकित देखिन्छन् । एक अर्कालाई घोचपेच गर्दै विभिन्न खाले दाउपेचको कसरतमा समेत लागेका नेताहरु देउवाले सत्तारोहणको बाटोमा लामै समय तगारो हाल्ने भएपछि फुर्सदको समयमा फेरि एकताको कसरतमा जुटेका छन् ।

यसै सन्दर्भलाई लिएर दुई पार्टीका अध्यक्षबीच बालकोटस्थित ओली निवासमा अघिल्लो हप्ता लामै भेटघाट भएपछि एकताको विषयले पुनः गति लिन थालेको छ ।

नेकपा माओवादी केन्द्रको बैठकमा नेताहरुले अध्यक्ष प्रचण्डलाई एकताअघि पावर सेयरिङमा ध्यान पुऱ्याउन सुझाव दिएका छन् । केपी ओली पाँच वर्षको लागि प्रधानमन्त्री बन्दा प्रचण्डले पार्टी अध्यक्षको जिम्मेवारी पाउनुपर्ने म्यान्डेट माओवादी बैठकले दिएको छ । वाम गठबन्धन बनाउनुअघि नै दुवै नेताको हैसियत समान हुनेमा सहमति भएको थियो ।

एकीकरणपछिको नेतृत्वसहित संगठनात्मक स्वरुप र भूमिकाको टुंगो लगाउनुपर्नेमा माओवादी नेताहरुले जोडदिएका छन् । पार्टी एकतालाई टुंगोमा पुऱ्याउन एमालेभित्र पनि गम्भीर छलफल भइरहेको छ । एमालेभित्र अहिले प्रचण्डको व्यवस्थापनको विषय नै निकै ठूलो टाउको दुखाइ बनिरहेको छ । प्रचण्डलाई एकीकरणपछिको पार्टीको अध्यक्षको जिम्मेवारी दिँदा पार्टीभित्र माओवादीतर्फको पल्ला भारी हुनेमा एमाले नेताहरु चिन्तित छन् । प्रधानमन्त्री छोड्नलाई जनताले एमालेलाई भारी मतका साथ विजयी गराएको र निर्वाचनका दौरानमा नै भावी प्रधानमन्त्रीका रुपमा केपी ओलीको प्रचार भएकाले झनै अप्ठ्यारो परिरहेको छ ।

सैद्धान्तिक हिसाबमा पार्टी एकतापछि बहुदलीय जनवाद र माओवाद दुवै ऐतिहासिक दस्तावेजमा मात्र सीमित रहने सम्भावना देखिन्छ । तर एमाले नेताहरु प्रचण्डले बहुदलीय जनवाद स्वीकार गरेको भनिरहेका छन् । केपी ओलीले माओवादी जनयुद्धलाई ऐतिहासिक भुल भनेर अवमूल्यन **बाँकी ८ पेजमा**

## तिर्ला टेलियाले कर ?

काठमाडौं । स्वीडेनको टेलिकम सेवा प्रदायक कम्पनी टेलियालाई नेपालमा एनसेल बिक्री गर्दाको पुँजीगत लाभकर १५ दिनभित्र तिर्न ठूला करदाता कार्यालयले सार्वजनिक सूचना जारी गरेका छन् । टेलियाले एनसेलको सेयर बिक्री गर्दा तिनुपर्ने जरिवाना र ब्याजसहित ६५ अर्ब रुपैयाँ पुगेको छ । करदाता कार्यालयको सूचनाअनुसार कर तिर्न नआएमा कानूनी कारवाही गरिने उल्लेख छ ।

पछिल्लो २ वर्ष एनसेलको स्वामित्व परिवर्तनमा तिनुपर्ने करको विषयमा विवाद चल्दै आएको छ । एनसेलको स्वामित्व परिवर्तनमा कर तिर्ने विषयको मुद्दा अदालतमा छ । लाभकर नतिर्दासम्म लाभांश रकम लैजान करदाता कार्यालयले रोक लगाए पनि लाभांश रकम लैजान दिनुपर्ने फैसला सर्वोच्च अदालतले गरेको छ । एनसेलमा रहेको सेयर मलेसियन कम्पनी आजियटालाई बिक्री **बाँकी ८ पेजमा**

## जाडोले जनजीवन कष्टकर



काठमाडौं । उच्च हिमाली क्षेत्रमा भएको हिमपातका कारण पहाडसम्मै कठ्याँग्रिंदो जाडो फैलिएको छ भने तराई मधेसमा शितलहरको प्रभावले जनजीवन अत्यन्तै कष्टकर बनिरहेको छ । पूर्वदेखि पश्चिमसम्मका हिमाली भेगमा बसोबास गर्नेहरु आफ्ना भेडा चौंरीका गोठसहित तल्लो भेगमा झरेका छन् । पहाडी भेगमा समेत जाडो बढेकाले अस्थायी बसोबास गर्ने यस्ता परिवारहरु कठिन जीवन बिताउन बाध्य छन् । त्यसैगरी भूकम्पपीडित जनता अहिले पनि अस्थायी घरटहरामा बसिरहेकाले उनीहरुले पनि कडा जाडोको सामना गर्नु परिरहेको छ । पर्याप्त न्याना लुगा र ओढ्ने ओछ्याउने कपडाको समस्या झेलिरहेका गरिब परिवारमा जाडोको साम्राज्य नराम्रोसँग विस्तार भएको छ ।

काठमाडौंमा आज यस वर्षकै सबैभन्दा बढी चिसो महसुस गरिएको छ । आजको न्यूनतम तापक्रम १ दशमलव ५ डिग्रीसेल्सियस रहेको मौसम पूर्वानुमान **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ |**

## मानवता विरूद्धको अपराध : न्यूनीकरण जरूरी

**गणेश पराजुली**

जन्मसिद्ध अधिकार मानव अधिकार हो । यस्ता अधिकारहरू अहरणीय र शास्वत हुन्छन् । प्रत्येक राज्यले आफ्नो देशको संविधानमा नै नागरिकको मानव अधिकारको ग्यारेन्टी गरेको हुन्छ । त्यस्ता अधिकारहरू संविधानमा मौलिक हकको रूपमा रहेका हुन्छन् । यस्ता अधिकारहरूलाई व्यवस्थित गरी तिनको संरक्षण, प्रवर्द्धन तथा परिपुरण गर्नु राज्यको दायित्व हो ।

मानव बेचबिखन एक गम्भीर प्रकारको फौजदारी अपराध हो । यस अपराधबाट पीडित व्यक्तिले शारीरिक, मानसिक, आर्थिक तथा भौतिक हिंसाको सिकार हुनुपर्दछ । यस्तो कार्यबाट मानिसको सम्मानपूर्वक बाँच्न पाउने, पेसा वा व्यवसाय गर्न पाउने, यातना तथा शोषणबाट मुक्ति पाउने र व्यक्तिको आत्मनिर्णयको हकलाई प्रत्यक्ष आघात पुऱ्याई ती हकको प्रयोगमा अवरोध ल्याइदिन्छ । मानव बेचविखन आज विकासोन्मुख तथा विकसित सबै देशका लागि साझा समस्या बनेको छ । मानव बेचबिखनको उत्पत्ति, मार्गस्थ र गन्तव्य, देशका रूपमा यो अपराधले संसारका धेरै देशलाई प्रभावित पारेको छ । यो एक संगठित अपराध हो । मानव बेचविखनको अपराधलाई व्यक्ति, समाज वा राज्यविरुद्धको मात्र नभएर समग्र मानवता विरुद्धको अपराधका रूपमा लिइन्छ ।

महिला, बालबालिका र पुरुषसमेत व्यापारिक यौनजन्य शोषण, बलयुक्त श्रम शोषण र अन्य प्रकारका शोषण (जस्तो शरीरको अंग बिक्री, भिक्षा माग्ने, ऊँट दौड, सर्कस) समेतको उद्देश्यले बेचिने गर्दछन् । तर महिला र बालबालिकाहरू नै मानव बेचबिखनबाट बढी पीडित हुने गरेका तथ्यांकहरूले देखाएको छ । प्रत्येक वर्ष करिब ५ देखि ७ हजार नेपाली महिलाहरू भारतको कोठीमा बेचिन्छन् । नेपाल र भारतबीच रहेको खुला सिमानाका कारण यस्तो अपराध बढी हुने गरेको छ । बिगत केही दशकदेखि मानव बेचबिखन गर्ने तौरतरिका र शैलीमा परिवर्तन हुँदै आएको छ । वैदेशिक रोजगारको निहुँमा झुक्याएर भारत र खाडीलगायतका अन्य मुलुकमा यौन व्यापारका लागि मानव बेचबिखन हुने गरेकोले मानव बेचबिखन रोक्ने कार्य चुनौतिपूर्ण बन्न गएको छ ।

मानव अधिकारसम्बन्धी सन्धि तथा महासन्धिको नेपाल पक्ष राष्ट्र भएको छ । नेपाल अधिराज्यको संविधान २०७२ मा राज्य पक्ष भएको अन्तरािष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व हुने उल्लेख छ । त्यस्तै सन्धिहरूको कार्यान्वयन विषयक १९६९ को भियना सन्धिअनुसार पनि आफू पक्ष भएका सन्धिको पालना गर्नु पक्ष राष्ट्रको दायित्व हुने व्यवस्था छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार सन्धिको हैसियत राष्ट्रिय कानुनसरह हुने र अनुमोदित सन्धि अनुकूलको कानुन बनाउनुपर्ने स्पष्ट दायित्व राज्यलाई छ । त्यसअनुरूप नेपालले पनि विभिन्न ऐन कानुनहरूमा तदअनुसारका व्यवस्थाहरू गरेको छ ।

मूलत कानुन कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको र नेपाल भारतबीचको **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक: तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक: कृष्णराज दुलाल
प्रबन्ध निर्देशक: किरण थापा
अतिथि सम्पादक: विष्णु भट्टराई
सम्पादन सहयोगी: घनश्याम ओली/गोविन्द विक
बजार व्यवस्थापन: रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# जलस्रोत संरक्षण गम्भीर चासोको विषय

पानी र जीवनको प्रत्यक्ष नाता जोडिएको हुन्छ । पानीको अस्तित्व संकटमा पर्दा सिंगो चराचर संकटमा पर्छ । हाम्रा नदीनाला, तालतलैयाहरूको साइनो मानव सभ्यताको विकाससँग प्रत्यक्ष गाँसिएको छ । धार्मिक र सांस्कृतिक महत्व बोकेका नदीनाला, पोखरीहरू पौराणिक कालेदेखि नै पूजनीय बन्दै आएका छन् । साना, ठूला पानीका मुहानहरूमा नाग लगायत अन्य देवीदेवताको बासस्थान रहन्छ भनेर स्वच्छ सफा गरेर पूजा गर्ने गरेको समेत हामीले देखिरहेका छौं । आज मानवीय अतिक्रमणका कारण यिनै जीवनदायी र हाम्रा आस्थाका धरोहर मानिने पानीका स्रोतहरू मासिँदै नासिँदै सुक्दै र प्रदूषित बन्दै गइरहेका छन् ।

काठमाडौं उपत्यकामा बग्ने नदीहरू वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्ते, धोबीखोला, कर्मनाशा लगायत प्रदूषित बनेका छन् । बढ्दो सहरीकरण र बस्ती विस्तारका क्रममा नदीले चर्चेका क्षेत्रसमेत अतिक्रमित बन्न पुगे भने नदीमा फालिने फोहोरमैला र सोझै मिसाइने ढलका कारण नदीको जीवन नै समाप्त भएर मृत नदीको रूपमा परिणत हुन पुगे । उपत्यकाभित्रका नदीनालामा भएको मानवीय अतिक्रमण र प्रदूषण नियन्त्रण गर्न वाग्मती नदी सफा बनाउने अभियान अहिले पनि चलिरहेको छ । पूर्व मुख्यसचिव तथा चीनका लागि नेपालका राजदूत लीलामणि पौडेलको सक्रियतामा भएको वाग्मती बचाउ अभियानले वाग्मतीको सफाइमा महत्वपूर्ण योगदान पुऱ्यायो । गुह्येश्वरीदेखि मुहानतर्फको भागमा केही माछा लगायतका जलचर देखिन थालेका खबरले नदीको जीवन पुनः फर्कने आशा जगाएको छ । वाग्मतीको सफाइमा केही प्रगति भए पनि यसका सहायक नदीहरूको हालतमा प्रगति हुन सकेको छैन । उपत्यकाका सबै नदीहरूलाई प्रदूषण मुक्त बनाएर पूर्ववत अवस्थामा फर्काउने विषयमा सम्बन्धित सबै पक्ष गम्भीर हुन जरूरी छ ।

यसैगरी अहिले त्रिशुली नदीको प्रदूषणबारे पनि विभिन्न सञ्चार माध्यमहरूमा समाचार आइरहेका छन् । नदी किनारमा सञ्चालित बालुवा, ढुंगाखानी र बालुवा प्रशोधन गर्ने कारखानाहरूले फैलाएको प्रदूषणका कारण त्रिशुली नदी हिउँद याममा पनि वर्षाको जस्तो धमिलो देखिएको छ । स्वच्छ पानीको जलयात्राका लागि प्रसिद्ध मानिएको त्रिशुली नदीमा अहिले पर्यटक शून्य भएको छ । धार्मिक र पर्यटकीय महत्वको त्रिशुली नदीकोृ प्रदूषण नियन्त्रण गरी पूर्ववत अवस्थामा नदीको बहाव कायम राख्न तत्काल कदम चाल्न आवश्यक छ । त्रिशुली जस्तै भोटेकोशी लगायतका नदीहरू पनि प्रदूषित बनिरहेका छन् । मुलुकभर सडक विस्तार गर्ने क्रममा नदी किनार पहिलो रोजाइमा पर्ने गरेका छन् । सडक विस्तारसँगै नदी किनारमा बस्ने बस्तीले नदीमा जथाभावी फोहोर फाल्ने गरेका कारण नदीहरू प्रदूषित बन्ने क्रम बढिरहेको छ ।

विश्वव्यापी रूपमा भएको तापक्रमको वृद्धिका कारण पानीका स्रोतहरू सुक्ने क्रम समेत बढिरहेको छ । पहाडी क्षेत्रको डाँडाको शिरमा रहेका पोखरी सुकेका कारण तल्लो भागमा रहेका बस्तीका धारा कुवा सुक्न थालेका छन् । पहिला हराभरा भएका बस्तीहरू पानीका कारण उजाड भएर पानीको खोजीमा सिंगो बस्ती बसाइँ सर्न बाध्य भएका खबरहरू पनि आउने गरेका छन् । विकास निर्माणका क्रममा गाउँघरमा जथाभावी बिनायोजना खनिएका ग्रामीण सडकहरूले समेत धारा, कुवा जस्ता पानीका स्रोत विनाश हुने गरेका छन् । सिंगो चराचरका लागि अपरिहार्य मानिएको पानीको स्रोत संरक्षण र नदीनालामा भएको प्रदूषण नियन्त्रणमा बेलैमा ध्यान नदिने हो भने भोलिका दिन अझ विकराल बन्दै जानेछन् । त्यसैले अब बन्ने नयाँ सरकार र प्रदेशमा बन्ने सरकार तथा स्थानीय तहका जनप्रतिनिधिहरूले यसतर्फ बेलैमा ध्यान पुऱ्याउन आवश्यक छ ।

# वाम गठबन्धन कि हाम गठबन्धन ?

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



**चीनले गरेको आर्थिक विकाससँग एकाकार गरी नेपाली वामहरू मिलेर राजनीतिक स्थायित्व, विकास र समृद्धि देलान भन्ने नेपाली मतदाताहरूको अपेक्षा हात्ती आयो हात्ती आयो फुस्सा हुने लक्षण देखिन थालेको छ ।**


चुनावको नतिजा आएको पनि महिनौं बित्न लागिसक्यो । एक अर्काको अनुहार पनि राम्ररी हेर्न नचाहने एमाले र माकेहरु राजनीतिक स्थायित्व, स्थायी सरकार र आर्थिक समृद्धिको नारा दिँदै रातारात गठबन्धन बनाई चुनावमा होमिए । नेपाली जनताले हात्तीको देखाउने दाँतलाई चिनेनन् र हो न हो यिनीहरुले सबै स्वार्थ त्यागेर देश बनाउँछन् भन्ने सोचे । यिनीहरुलाई झण्डै दुईतिहाइको बहुमत दिए । समानुपातिक उम्मेदवार तय गर्दा फरियावाद निर्धारक तत्व भएको कारण पेरिस डाँडामा भएको कुटाकुट हेर्दा यिनीहरुको गठबन्धन राम्रा हाम्रा हुने नभै हाम्रा मात्रै राम्रा हुने संस्कार कायमै देखियो । के यसो हुँदा आर्थिक समृद्धि हासिल होला त ? अवश्यै हुन्छ, देशमा नभए पनि नेताको परिवारभित्र । हो यही संस्कारले नेपालमा न २०४६ को बहुदलीय व्यवस्थाले समृद्धि ल्यायो न २०६३ को गणतन्त्रले ।

ओली र प्रचण्डबीच प्रधानमन्त्री र अध्यक्षको पद कसले हत्याउने भन्ने कुराले ल्याएको तँछाड र मछाडले गठबन्धन तुहिने निश्चित भइसकेको छ भने भारतीय गुप्तचर संस्था रअ नेपालमा सधैंको जस्तो आफ्नो एजेन्टको सरकार बनाई नेपाललाई चिनिया प्रभावबाट मुक्त गर्न चाहन्छ । यसका लागि रअ कुनै पनि हरकत र हत्कण्डा प्रयोग गर्न तयार छ भन्ने कुरा कांग्रेसी र मधेसी नेताहरुले वाम गठबन्धन भत्काएरै छाड्ने भनी दिएको धम्कीले स्पष्टै गरेको छ ।

हिजो ४७ सालताका नेपाली मतदाताहरुले कांग्रेसलाई ५ वर्ष खा भनेर दिएको होइन ? तर खोइ कहाँबाट आयो राजनीतिक स्थायित्व ? देशलाई हिजो जसले मध्यावधिमा धकेल्यो आज त्यसैले यहाँ राजनीतिक स्थायित्व आउन दिँदैन । नेपालमा राजनीतिक स्थायित्व आई आर्थिक समृद्धि भएमा टिस्टा काँगडाका जनता नेपाल फर्कलान् भन्ने ठूलो डर छ रअलाई । चीनले आफ्नो नेपाल नीतिमा कडाइ गर्दै नेपालमा पूर्वाधारको विकास र लगानी गरिदिने भएपछि भारत झनै त्रसित भएको छ ।

चीनले गरेको आर्थिक विकाससँग एकाकार गरी नेपाली वामहरु मिलेर राजनीतिक स्थायित्व, विकास र समृद्धि देलान भन्ने नेपाली मतदाताहरुको अपेक्षा हात्ती आयो हात्ती आयो फुस्सा हुने लक्षण देखिन थालेको छ । अब पनि सत्ताको लागि मरिहत्ते गरी जनादेश विपरीत सरकार बनेमा प्रजातन्त्रप्रतिको मोह सदाका लागि सकिने छ भन्ने कुरा भनिरहन नपर्ला । यसको अर्थ भनेको देश कि प्रतिगमन कि पुनः जनयुद्धतर्फ जाने निश्चित छ । जुन रुपमा अहिले भागबन्डाले प्रश्रय पाइरहेको छ, त्यसको प्रकृति हेर्दा वाम गठबन्धन वाम गठवन्धन नभई हाम गठबन्धनमा परिणत हुन लागेको आभास हुन्छ ।

# नेपाली नेताहरूको चञ्चलता



**जगदीश लामिछाने**
रौतहट, पौराई

नेपाली नेताहरुको चञ्तलताले आफ्नै राष्ट्रनिर्माता पृथ्वीनारायण जन्मजयन्तीमा बिदा दिन छाडेको थियो । भनौं पृथ्वीजयन्ती नै मनाउन छाडेको थियो । यो पटक २०७४ पुस २७ गते बिदा दिने भएर राम्रै भएको छ । वास्तवमा अमेरिकी नोटमा जर्ज वाशिंगटन र भारतीय नोटमा महात्मा गान्धीझैं प्रत्येक नेपाली नोटमा पृथ्वीनारायण शाह राख्नैपर्ने योग्यतामा उनी नै छन् ।

हाम्रो चेतनाको स्तरसँगै हिँड्न वि.सं. १८२४ मा अंग्रेजी सेनालाई सिन्धुलीमा हराएर १८२५ मा काठमाडौं आउनुभन्दा पहिले कालु पाँडे जनइच्छानुसार सेनापति राख्ने र काठमाडौंको परापूर्वकालदेखिकै सूर्यचन्द्रांकित झन्डा र राजधानी स्वीकार गरी माटो र जनता एकाकार रुपमा पूजा गर्ने उनै हुन् । यही झन्डा संयुक्त राष्ट्र संघमा पछि नेपाल सरकारले फहराउन पेस गरेको हो । राष्ट्रिय झन्डामा विवाद बेकार नै थियो । यसैले नेताहरुलाई जनताले पत्याउन छाडेका हुन् ।

आफ्नै माटोभन्दा छोरा अलेक्जेन्डर ठूलो नमान्ने, त्यति मात्र होइन अन्तरष्ट्रिय नोबेल पुरस्कार पनि ठूलो नमान्ने बर्माकी नेतृ आङसाङ सुकीका अगाडि त्यहाँको माटोसँग मिल्न नसकी विद्रोह गर्ने अहिलेका रोहिंग्या र पहिलेका प्रभाकरण नेतृत्वमा २७ वर्षमा ८० हजार श्रीलंकाली मर्ने गरी विद्रोह गरी देश टुक्र्याउन खोज्नेहरु कान्छा नै हुन् । त्यसो त अफ्रिकी नेल्सन मण्डेलाले उनको माटोमा मिलेर बस्ने अंग्रेजलाई पनि मान्यता दिई मिलाएकै हुन् । नेपाली नेतामा त्यति पनि धैर्य देखिएन र ७ दल दिल्ली गएर तराईका नेतासमेत मिली ल्याउनुपऱ्यो ।

बरु नेपाली जनताले भाषागत एकता र राष्ट्रिय एकतामा सघाउँदा सघाउँदै आफ्नै सूर्यचन्द्रांकित झन्डाको माया छोडेका छैनन् । माओवादी युद्धभरि सरकार तथा जनतालाई आफैंले पठाएको पैसाको विप्रेषणले पालिरहे । त्यसैबखत पनि चञ्चल नेताले जनताले कमाइगरी खाने कारखाना खेती र शिक्षामा आफ्ना लठैत भर्ना गरी विदेश काम गर्न लखेटी रहे । उनीहरु आएर २०७२ को भूकम्पमा सघाइरहे । यस्तो दुर्दशाको कारक तत्वले नै देशको जलस्रोत विदेशीको हातमा पारिरहे । अहिले यही भुङ्ग्रोमा थोरै राम्रो काम गरी नेपाली जनताले स्थानीय चुनाव र सांसद चुनावमा जिताइदिएको ओली एक्सप्रेसलाई जनता र पत्रकारहरुले स्वागत गर्न माला लिएर बसेको धेरै भयो । तर निश्चय भए हुन्छ ओली एक्सप्रेस आफ्नै कारणले रोकिएको हो । अरु कसैको कारणले होइन, नेपाली कांग्रेसका सभापति शेरबहादर देउवा आफ्नै दलको आलो घाउमै छन् । ती पनि आफ्नै चञ्चलपनाले दुःखमा परेका हुन् । उनकै पालामा माओवादी उठेको हो ।

बरु श्री ५ महेन्द्रका पालामा मित्रराष्ट्र चीनले तातोपानीबाट कोदारी राजमार्ग बनाउन आनाकानी गर्दा नेपालले मेरोतर्फ मै बनाउँछु, तपाईंका तर्फ तपाईं बनाउनु भए हुन्छ भनेपछि चीनले आफैं कोदारी राजमार्ग बनाइदिएको हो । सिक्किम र तिब्बतको नक्सा भारतसँग चीनले साट्दा र नेपालको लिपुलेख प्रकरणमा भारत र चीनले मनपरी गरेको पनि देखिएकै हो । अहिले श्रीलंकाको एउटा बन्दरगाह ९९ वर्षका लागि चीनले लिएको र प्रशस्त ऋण उसलाई दिएको थाहै छ । यस्तो देख्दादेख्दै आफ्नो देशको सुरक्षा गर्ने जिम्मेवारी लिँदा तातोपानीबाट सजिलै रेल तिब्बत छिरेर दोलालघाटबाट मध्यपश्चिम पुष्पलाल राजमार्गको साखु खण्डबाट सजिलै काठमाडौं छिर्नेछ र अर्को नुवाकोट जाने काठमाडौं नछिरेको बाटो पनि बनेकै छ । पोखरा उतैबाट रेलकै बाटो पनि ज्यादै छोटो भऱ्याङभुरुङ सुरुङ बनाएर जान मिल्छ । पृथ्वी राजमार्ग छुनै पर्दैन । त्यो पनि प्रम माधवकुमार नेपालको पालामा नाप भएकै सुनिएकै हो । चीनलाई तराई छिर्न निजगढ काठमाडौंबाट पनि भइहाल्छ । चञ्चल नेताहरुले ठोरीबाट अर्को बाटो बताउँछु भन्नैपर्दैन ।

अर्काले गरिदिएर पुग्ने भए छँदाखाँदाको कोदारी राजमार्गको दुर्दशा कसले गऱ्यो ? हाम्रै नेताहरुले शान्तिसुरक्षा दिएन भनी चीनले भनेकै छ । उसबखत युरोपियन र भारतले मिलेर पालेका खम्पा नियन्त्रण गरिदिने वीरेन्द्र किन बिर्सिए ? यो पनि हाम्रै नेताको चञ्चलताको पराकाष्ठ नै हो ।

यस्तै नेताको र राजाको पनि (राजा पनि नेता नै हुन्) चञ्चलताले अहिले एक सय १० वर्षदेखि आफ्नै माटोमा बसेर भारतमै गोर्खाल्यान्ड मागिरहनेहरुमै पनि तँभन्दा म के कम भन्नेहरुकै बोलवाला देखिएकै छ । यसैमा हाम्रो आफ्नै नेपाली माटो रोएकै छ । त्यतापट्टि कुरै नसुन्ने नेताहरु के हुन कुन्नि ? नेता त नेता नेपाली हुन् कि विदेशी ?

**अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)** — **सुदर्शन प्रधान**

# केही भौतिकवादी दृष्टिकोण (९)

योगी नरहरिनाथ हिन्दू धर्म, दर्शन र पुरातत्त्वबारे उच्च ज्ञान भएका एक अध्यात्मवादी विद्वान् हुन् । योगी भएर पनि 'राज्यसत्ता' बारे सोच राख्ने भएकाले उनलाई 'राजयोगी' पनि भनिन्छ तर युगअनुसार आधुनिक विज्ञान प्रविधिबारे उनमा अध्ययन नभएकाले समाज र संसारप्रति उनले हजारौं वर्षअगिका विचारहरू अगाडि सारे । सोही कारण उनी बेलाबेला विवादास्पद पनि बने ।

झन्डै डेढ बिघा क्षेत्रफलमा फैलिएको योगी नरहरिनाथको आश्रम वागीश्वरीमा पर्छ । यहाँ एउटा पिपलको बोटलाई मूल मियो मानी गोलाकार खरको छानो भएको र भुइँमा इँटा बिछ्याइएको एउटा आकर्षक छाप्रो छ । यसको नजिकै खरकै छानो भएको एउटा भान्साघर छ । यहीँनिर तीनवटा कोठा भएको, टिनको छानो र इँटको गाह्रो भएको घर छ । यो घर र गोलाकार छाप्रोबीच ३५-४० फिट अग्लो, सालका ठूलठूला ४ वटा खम्बा उठाएर माथि टिनको छानो र भुइँमा ठूलो हवनकुण्ड निर्माण गरिएको छ । सो आश्रममा योगीका २-३ जना शिष्यहरू सधैं रहन्थे । उनीचाहिँ महिनाको ३-४ दिन मात्र बस्थे । यस्ता मन्दिर तथा आश्रमहरू नेपालभरि झन्डै ७० वटा भएको उनी बताउँथे ।

केही वर्षअगिको कुरा हो, देवघाट चक्रेश्वरमा योगीले कोटीहोम लगाउँदा रामपुर कृषि क्याम्पसका विद्यार्थीहरूले होममा अन्न, घिउ, तिल डढाएको देखेर आपत्ति जनाएछन् । त्यस बेला योगीले आफ्ना शिष्यहरूलाई 'हवनकुण्डमा अन्न, घिउ नराखी दाउरा मात्र राख ।' भनी आदेश दिएछन् । यो कुरा सम्झँदै बसेलीका फणीनारायण पौडेल हाँस्नुहुन्छ ।

चौबिसै घण्टा मुढा तथा दाउरा बलिरहँदा एउटा धुनीकुण्ड भनौं अग्निकुण्डमा एक दिनमा ३० किलो इन्धन बल्छ भने योगीका झन्डै ७० वटा धुनीकुण्डहरूमा प्रतिदिन २१०० किलो दाउरा र मुढाहरू जल्छन् । एक वर्षमा यो सङ्ख्या ७ लाख ६६ हजार ५०० किलो हुन्छ । तर प्रकृतिमा १ किलो इन्धन बन्न एक महिनाजति लाग्छ । पछिल्लो समयमा वन तथा वातावरणबारे अलि चासो राख्ने विद्वान् योगीले आत्मावलोकन गर्दै विचारमा परिवर्तन ल्याएको देखिन्छ ।

### ५. देवघाट क्षेत्रको वन

चितवन, तनहुँ र नवलपरासी जिल्लाहरूमा फैलिएको देवघाट क्षेत्रको वन वातावरणीय दृष्टिले निकै महत्त्वपूर्ण छ । तीन दशकअगिसम्म यो जङ्गल घना थियो । यहाँ बाघ, अर्ना, भालु, हरिण, मृग, जरायो, नीलगाई, बँदेलजस्ता वन्यजन्तु र मयुर, कालिज, लुइँचेजस्ता पक्षीहरू प्रशस्त भेटिन्थे । तीमध्ये धेरै आज लोप भइसकेका छन् । किनकि दशकौंसम्म धरती भक्षकहरू चारैतिर सक्रिय रहे र यहाँका हजारौं हेक्टर वनजङ्गल उजाडिएर बस्ती बसालिए । आज पनि यस क्षेत्रका सयौं मानिसहरूसँग लाइसेन्स प्राप्त बन्दुक छन् र हजारौं गुलेलीहरू खुला छन् । यसले बचेखुचेका वन्यजन्तु र पक्षीहरूलाई पनि आफ्नो अस्तित्व बचाउन मुस्किल परिरहेछ ।

यस क्षेत्रमा पर्ने तीनै जिल्लाका वन मानिसले अकल्पनीय रूपले लुछिरहेछन् । रामनगरमा झन्डै तीन दशकसम्म चलेका इँटा भट्टाहरूले त्यस सेरोफेरोको वन सखापै पारे । नारायणगढ, भरतपुर, गैंडाकोट, रामनगर, देवघाटलगायत अरू थुप्रै ठाउँका अधिकांश घर, भवनहरू यही वनकै काठपातबाट बनेका हुन् । यहाँ अझै पनि हजारौं मानिसहरूको मूल पेसा वनतस्करी रहेको छ । उनीहरू जलमार्ग र स्थलमार्गबाट रातारात काठ ओसार्छन् र समिल र फर्निचर उद्योगलाई बुझाउँछन् । ती काठहरू काठमाडौं र पोखरासमेत पुग्छन् ।

हजारौं गाई, भैंसी र बाख्राहरूको चरीचरन रहेको यस क्षेत्रका ९० प्रतिशतभन्दा बढी जनता, होटलवालालाई इन्धन र अरू काठपात अनि जडीबुटी, धार्मिक अनुष्ठानका लागि भर्खरका हुर्कंदा लाँक्राहरू मात्र दिएर नपुगी हरेक वर्ष डढेलो लगाइनु र ९५ प्रतिशतभन्दा बढी वनजङ्गल त्यसबाट प्रभावित बनी दसौं करोड नयाँ पालुवाहरू खाग बन्नु गम्भीर पीडापूर्ण कुरा हो । धन्य हो प्रकृति, जसले असीमित धरतीद्रोहीहरूका भीषण आक्रमणहरूलाई चुपचाप सहेर पनि आफ्नो अस्तित्व बचाइराखेकी छिन् तर त्यो कहिलेसम्म ?

देवघाट क्षेत्रको वन जति नाश हुनु थियो, भइसक्यो । अब यसको गहन संरक्षण र संवर्द्धन गरिनुपर्छ । अन्यथा यहाँको मनसुनमा प्रतिकूल असर पर्नेछ, नदी कटान तीव्र हुनेछ र वातावरणमा विभिन्न समस्याहरू आउनेछन् । यहाँको वनविनाश अझसम्म किन नियन्त्रण हुन सकिरहेको छैन ? यहाँका तीनवटै जिल्ला वन कार्यालयहरूले धरतीलाई उचित जबाफ दिनुपर्छ । त्यसो नभए दिनभरि जुवा र रक्सीको नशामा डुब्ने र राति जङ्गल पस्ने दादा र सुकुम्बासीहरूले देलान् त ? कि यहाँका समिल र फर्निचर उद्योगहरूले देलान् ? त्यसो नभए देवघाट क्षेत्र विकास समितिले दिनुपर्छ कि ? कि देवघाटको अलौकिक शक्तिले दिने हो ? कि पर्यावरणवादीहरूले सबै खालका तस्करहरूलाई चुनौती दिनुपर्ने ?

### ६. देवघाट क्षेत्र विकास समितिबारे केही कुरा

देवघाट क्षेत्र विकास समिति २०५१ को सुरूतिर गठन भएपछि यसले निकै कार्यहरू गऱ्यो तर सरकारको फेरबदलले यसमा पनि गम्भीर प्रभाव परिरह्यो । त्यसले गर्दा उल्लेखनीय कार्यहरू हुन सकेनन् । वास्तवमा समितिको स्वरूप र कार्ययोजना सरकारको परिवर्तनले कुनै फरक नपर्ने गरी निर्माण गरिनुपर्छ । अन्यथा यस समितिको औचित्य रहने छैन ।

चितवन, तनहुँ, नवलपरासीका जननिर्वाचित जिल्ला सभापतिहरू, यिनै जिल्लाका सम्बन्धित क्षेत्रमा पर्ने सांसदहरू, प्रमुख जिल्ला अधिकारीहरू, भनपाका मेयर तथा गैंडाकोट र देवघाट गाविसका अध्यक्षहरू, तीनै जिल्लाका वन अधिकृतहरू आदि यस समितिमा पदेन सदस्य रहेका छन् । थप केही धार्मिक व्यक्तित्व र राजनीतिक नियुक्ति पाएका व्यक्ति पनि समितिमा रहेका छन् तर वातावरणवादी सङ्घसंस्थाबाट कसैलाई राखिएको छैन ।

जे होस्, यी पदाधिकारीहरूले आआफ्नो कर्तव्य कति पालना गरेका छन् ? कि उनीहरू निजी स्वार्थमा डुबेका छन् ? यो अनुसन्धानको कुरा छ ।

यहाँ के कुरा प्रस्ट भन्नुपर्छ भने आफ्नो कर्तव्य र उद्देश्यलाई बेवास्ता गर्ने व्यक्तिहरू समितिबाट हट्ता देवघाट क्षेत्रको हित हुनेछ । बरू त्यसको सट्टा देवघाट क्षेत्रको उन्नति र प्रगतिमा इमानदार र निःस्वार्थ रूपले क्रियाशील हुँदै आएका सङ्घसंस्था र व्यक्तित्वहरूलाई राखिनुपर्छ ।

(समाप्त)

# मैले देखेको सत्ताइसौं विश्व सम्पदा : मस्कोको ट्रिम्फाल गेट

सुरेन्द्र ढकाल



दुवैतर्फ गरी १२ वटा फलामे स्तम्भले ठडिएको मस्कोको ट्रिम्फाल गेट



ट्रिम्फाल गेट पछाडि रहेको बगैंचा




मस्को विश्वविद्यालय भवनको माथिल्लो भाग



ट्रिम्फाल गेटको दलिन र त्यहाँ टाँसिएका तामाका मूर्तिहरू



ट्रिम्फाल गेटको बगैंचामा सुरेन्द्र मित्र कृष्णका साथ



निओ पल्लादियान वास्तुशैलीको मस्को विश्वविद्यालय



मस्को युनिभर्सिटी अगाडि सुरेन्द्र मित्र कृष्ण र हिरामणिसँग सन् १९८८ जुलाईमा

मस्को पुगेको चौथौ दिन हामीले मस्कोमा ट्रिम्फाल गेट (ढोका) र मस्को विश्वविद्यालय अवलोकन गर्ने विचार गरी बिहान खाना खाएर त्यतातिर लाग्यौं ।

### ट्रिम्फाल गेट

मस्कोमा रहेको यो नवशास्त्रीय (Neo Classical) ढोका सन् १८३४ मा सेन्ट पेटर्सवर्ग (लेनिनग्राड) मा बनेको रहेछ । सन् १८२८।२९ मा टर्किसँग भएको युद्धमा रुसले विजय गरेपछि त्यसको गौरवमय सम्झनाका लागि यो ढोका बनाइएको रहेछ। यस ढोकाको डिजाइन रुसी आर्किटेक्ट भासिली स्टासोभले गरेका रहेछन् ।


फलामले बनेको यो ढोका बनाउँदा फलाम पगाल्ने कार्य स्थानीय कारखानामा नै गरिएको रहेछ। यस्ता फलामहरु स्तम्भ र ढोकामाथिको दलिन बनाउन प्रयोग भएका रहेछन् भने ढोकामाथि राखिएका मूर्तिहरु भने तामालाई पगाली बनाइएको रहेछ। आखिर यो ढोका किन विश्वविख्यात भयो भन्दा त्यस्को एउटै कारण रहेछ त्यो भनेको विश्वमा यो मात्रै यस्तो एउटा ढोका रहेछ जुन फलाम पगाली साँचोमा राखेर मूर्ति बनाएको जस्तै तरिकाले झोल फलामलाई जमाएर ब्लक ब्लक गरी बनाइएको संसारको सबैभन्दा ठूलो ढोका रहेछ। नौ वटा ब्लकलाई जोडेर बनाइएको यो ढोकाको पहिलो ब्लक सन् १८३६ मा तयार गरिएको रहेछ । नौवटा ब्लकको यो ढोकालाई १२ वटा स्तम्भले थेगेको रहेछ । फलाम पगाली बनाइएका ती १२ स्तम्भहरुको तौल ४५० टन रहेछ । ढोकाको दलिनमा भएका स्मारक जस्ता देखिने ३० वटा तामाका मूर्तिहरुले एकातर्फ रुसी सैनिकको गौरव झल्काउँदो रहेछ भने अर्कोतर्फ रुसी कलाकारितामा भएको तत्कालिन सिर्जनात्मक प्रतिभाको प्रस्फुटनको प्रतीकको रुपमा पनि लिइँदो रहेछ । सन् १९३६ तिर जोसेफ स्टालिन शासकीय शक्तिमा आएपछि यो ढोकालाई मस्को स्क्वायरमा लगेर राख्ने भन्ने उद्देश्यले यसका ब्लकहरुलाई फुकालेर त्यसै राखी छोडेको रहेछ ।

सन् १९४१ मा जर्मनहरुले लेनिनग्राडमा हमला गरेको बेलामा यी ब्लकहरु जर्मनका युद्धपोत (ट्यांक) को हमलाबाट प्रतिरक्षा गर्दै जर्मन सैनिकहरुलाई लखेटने कार्यमा रुसी सैनिकले प्रयोग गरेका रहेछन् । युद्धपश्चात् सन् १९५८ देखि १९६० सम्म गरी दुई वर्ष लगाएर यी ब्लकहरुलाई मस्को लगेर जडान गरी ढोकालाई पुनः तन्दुरुस्त बनाइ खडा गरिएको रहेछ ।

### मस्को स्टेट विश्वविद्यालय

ट्रिम्फाल गेट अवलोकन गरेपछि मस्कोमा अब के अवलोकन गर्ने भन्ने सोचले हामीलाइ गाँज्यो । हामीसँग सधैं साथमा रहनुभएका मित्र कृष्णले मस्को स्टेट युनिभर्सिटी (MSU) को भवन हेर्न जाने सल्लाह दिनुभयो । त्यस विश्वविद्यालयको खास नाम लोमोनोसोभ विश्वविद्यालय रहेछ जस्को स्थापना जनवरी २५ १७५५ मा भएको रहेछ । यो विश्वविद्यालय तीन कुराले गर्दा विश्वविख्यात भएको रहेछ । पहिलो कुरा विश्वविद्यालयको भवनको वास्तुकला, दोस्रो सो भवनको उचाइ र तेस्रो विश्वमा उच्च मान्यता प्राप्त पुराना विश्वविद्यालयहरुमध्ये एक विश्वविद्यालयमा यो पनि पर्ने रहेछ । सन् १७८२ मा विश्वविद्यालयको यो भवनको निर्माण कार्य सुरु भई त्यस्को ११ वर्षपछि सन् १७९३ मा सम्पन्न भएको रहेछ । संसारका विश्वविद्यालय भवनमध्ये अहिले पनि सबैभन्दा अग्लो भवनको रुपमा मानिने यस भवनको वास्तुकला निओ पल्लादियान वास्तुशैलीको नामले चिनिदो रहेछ भने यस भवनको डिजाइन रुसी आर्किटेक्ट मात्भेइ काच्जाकोभले गरेका रहेछन् । सहशिक्षालयको रुपमा शुरुमा चिकित्साशास्त्र, दर्शनशास्त्र र कानुनको मात्रै अध्यापन गराइने यो विश्वविद्यालयमा पछि गएर क्रमशः सबै विषयको अध्यापन गराउन सुरु गरिएको रहेछ ।

# शालिनदीमा स्वस्थानी मेला सुरु



काठमाडौं । काठमाडौंको साँखुस्थित शाली नदीमा स्वस्थानी मेला शुरु भएको छ । माघ महिनामा यहाँ आई स्नान गरेर माधवनारायणको दर्शन गरेमा पाप पखालिई पुण्य कमाइने धार्मिक विश्वास छ। यो विश्वासमा प्रत्येक वर्ष लाखौं भक्तजन आउने स्नानका लागि आउने माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार समितिले जनाएको छ। व्रतालुहरु सोमबार बेलुकीदेखि नै साँखुमा बास बस्न आउने गर्दछन् । पौष शुक्ल पूणिर्मादेखि स्वस्थानी व्रत सुरु भएको छ। स्वस्थानी व्रत एक महिनासम्म अर्थात् माघ शुक्ल पूणिर्मासम्म चल्दछ। पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको शुरुवात हुन्छ। बिहान माघ स्नान गरी मध्याह्नकालमा महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

शीत-लहरीके समयमे ठण्ढीसँ लोकके मृत्युसेहो भ" सकैत छै तैँ,
- गरम कपडाक व्यवस्था करू ।
- शीत-लहरीके समयमे घरबाहर खुला स्थानमे बेशी समय नइँ रहू, घर बाहर जाय परए वा बेशी समय रह' परए त गरम कपडा पहिरू ।
- राइतमे सिरक, कम्बल जेहन ओढना ओढू । घरभितर राइतमे सुतबाकाल शरीरके सँगहि छाती आ माथके झाँप' के ओरिआओन करू ।
- शीत-लहरी चलल समयमे आइग ताइपक' शरीरके गरमेने रहू, छाती आ माथके ठण्ढासँ बचाउ ।
- ठण्ढीके समयमे शरीरके लेल आवश्यक गरम खायबला वस्तुसब खाउ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ कुमार लुइँटेल

# स्वीकारिंदै महिलाको दोस्रो बिहे

**गीतालाई सुरेशले विवाहको प्रस्ताव राखे । विधवाले दोस्रो बिहे गर्दा समाजले घृणा गर्छ भनेर गीताले विवाह प्रस्ताव अस्वीकार गरेपछि सुरेश सासूससुरासँग गीताको हात माग्न पुगे ।**

विराटनगर । सासूससुराले नै 'विधवा' बुहारीको विवाह गरिदिँदै छन् रे ! भन्ने हल्ला सुनेर मोरङ लखन्तरीवासीले अचम्म माने । 'कहीँ लोग्ने मरेर विधवा' भएका 'आइमाईको' पनि विवाह हुन्छ र भन्या ? विधवालाई बिहे गर्ने कस्तो हराम लोग्नेमान्छे होला ? गाउँले धारा, पँधेरा र गोठाला जाँदा यस्तै कुरा गर्थे । तर, लखन्तरीका एक परिवारले बुहारी बनाएर भित्र्याइएकी चेलीलाई छोराको निधनपछि छोरी बनाएर विवाहदान गरिदिए ।

सुनसरीको भलुवाकी गीता चौधरीले मोरङ लखन्तरीका जनकलाल खाँसँग ०६७ मा मागीविवाह गरेकी थिइन् । विवाह भएको एक वर्षपछि गीताका श्रीमान् परिवारको मीठो सपना साँच्दै साउदी अरब उडे । 'स्काफ होल्डिङ'को काम गर्न साउदी पुगेका जनकलाल काम गर्ने क्रममा दश तला अग्लो घरबाट खसे । उनको उपचारको क्रममा साउदीमै निधन भयो ।

श्रीमान् गुमाउनुको असह्य पीडा लिएर बाँचेकी गीताकी एक छोरी पनि छिन् । 'माया गर्ने श्रीमान्ले छोडेर जानुभयो । छोरीको भविष्य सम्झिएर मूर्छा परेँ,' गीताले भनिन्, 'एउटी महिलालाई श्रीमान् गुमाउनुभन्दा अर्को ठूलो पीडा के हुन सक्छ र ? मैले जीवनबाटै हरेस खाएकी थिएँ । तर, सासू र ससुराबाट सधैँ छोरीलाई दिइनेजस्तै माया पाएँ ।' गीता थप्छिन्, भर्खर हुर्कँदै गरेकी छोरी जस्मितालाई हेर्थें । आफ्नै जीवनको लामो यात्रा पनि सम्झिन्थें । बाँचेर केही हुँदैन, अब आत्महत्या गर्छु भनेर पनि सोचेँ । तर, सासूससुराले दिएको मायाले मेरो सोचाइमा परिवर्तन ल्याइदियो ।' थारू समुदायमा 'विधवा' बुहारीले बाहिर निस्कनु र काम गर्नु निकै चुनौतीपूर्ण थियो । तर, उनले साहस जुटाइन् र सामाजिक संस्थाले आयोजना गरेको कार्यक्रममा जान थालिन् । उनलाई न सासूले रोकिन्, न ससुराले नै । बरु हौसला पो दिए । गीता भन्छिन्, 'मलाई बाहिर जान रोक्नुभएन, नारी विकास सङ्घको सदस्य बनेँ । साथीहरूले सान्त्वना दिए । मलाई आत्मबल पनि मिल्यो ।' सामाजिक काममा सक्रिय गीतालाई धेरै पुरुषले मन पराउँथे । तर, गीतालाई भन्ने आँट कसैले गरेनन् किनकि उनी एकल महिला थिइन् । गीतालाई मन पराउने गाउँकै पुरुष सुरेश खाँले एक दिन विवाहको प्रस्ताव राखे । समाजले घृणा गर्छन् भनेर गीताले सुरेशको प्रस्ताव स्वीकार गरिनन् । सुरेश गीताका सासूससुरासँग विवाह प्रस्ताव लिएर गए । अब सुरेशकै कारण घर निकाला हुनुपर्छ भनेर गीता डरले थुरथुर काम्न थालिन् । सुरेशको प्रस्तावलाई सहज रूपमा लिएर उनीहरूले गीतालाई छोरीको रूपमा विवाह गरिदिने बताए ।

गीताले पनि दोस्रो विवाहलाई इन्कार गर्न सकिनन् । सुरेशसँग उनको परम्परागत विधिअनुसार नै दोस्रो विवाह भयो । विवाह गराउन नारी विकास सङ्घकी अधिकृत सरिता अधिकारीले निकै सहयोग गरेकी थिइन् । सरिताले भनिन्, 'गीताको विवाहले समाजमा एकल महिलाले विवाह गरेर फेरि जीवन चलाउन सक्छन् भन्ने नयाँ थिति बसेको छ ।' यो विवाह पितृसत्तात्मक सोचबाट ग्रसित भएको समाजलाई एउटा उदाहरण हो । अहिले गीता र उनका श्रीमान् घरजम गरेर रमाइलो जीवन चलाउँदै छन् । गीताकी छोरीलाई सासूससुराले नै पालेका छन् । नयाँ श्रीमान्ले पनि छोरीलाई धेरै माया गर्छन् । उनीहरूको जीवन खुसीसँग चलेको छ ।

विवाहपछि छोरी श्रीमान्को घरमा पुग्दा बुहारी हुन्छिन् । नेपाली बुहारीको कर्तव्य र जिम्मेवारीको फेहरिस्त निकै लामो हुन्छ । जन्मघरमा न्यानो पाउने छोरीहरूले कर्मघर पुगेपछि धेरै हन्डर खाएका थुप्रै उदाहरण छन् । तर, झापा धरमपुरका उत्तमकुमार गौतमले पनि बुहारी निर्मला कट्टेल (गौतम) लाई छोरीकै दर्जा दिएर कन्यादान गरिदिए । बेहुलीकै रूपमा बिदा हुँदा सासूससुरालाई आमाबुवाको अवतारको रूपमा पाउने उनी भाग्यमानी बुहारी बनिन् ।

'मेरो विवाह हुने भन्ने सुनेपछि धेरैले नाक खुम्च्याएका थिए,' निर्मलाले सम्झिइन्, 'तर, अहिले हाम्रो जीवन सहज र सुखसँग चलेको छ ।' ५ वर्षअघि विवाह भएपछि निर्मलालाई घरजमबाट निकै सन्तोष मिलेको छ । धरपुर- २ का गणेशबहादुर कार्कीले निर्मलाको हात थामेका थिए । यो विवाह गराउन निर्मलाका काकाससुरा उत्तमकुमार गौतम र गणेशकी दिदी छविकुमारी निरौलाले तारतम्य मिलाएका थिए । गणेश भन्छन्, 'हामीले समाजमा मौजुदा चलनलाई चुनौती दिँदै विवाह गरेका हौँ ।' निर्मलाको पहिलो विवाह तोपगाछीका टंकप्रसाद गौतमसँग भएको थियो । तर, तीन वर्ष पहिले श्रीमान् र सासूससुराको मृत्यु भएपछि उनको एकाङ्गी जीवन सुरु भएको थियो । कालले सबै परिवारलाई लगेपछि उनको एक्लो जीवनले तीन वर्ष मानसिक रूपमा प्रताडित हुनुपर्‍यो । उनले भनिन्, 'परिवारका सबैको मृत्यु भएपछि मलाई बाँच्नुपर्ने आधार नै समाप्त भएजस्तो लाग्यो, तर जीवन जिउनेहरूका लागि हो भन्ने पाठ आफन्तले सिकाउनुभयो ।' आफन्तको विछोडको बज्रपात सहने मनोबल दिन काकाससुरा उत्तमले हौस्याइरहेका थिए । आखिर यही हौसला र साहस बटुलेरै उनले एकल महिलाको 'पगरी' खोलेर दोस्रो विवाह गर्ने निर्णय गरेकी थिइन् ।

विवाहका दिन तोपगाछी- ३ मा रहेका उनका घरका आफन्त र माइती पक्ष संलग्न भए, घरपट्टि गौतम परिवारका पनि उल्लेख्य उपस्थित थिए । 'अब त दुवैपट्टि माइती हुनुभएको छ,' उनले थपिन्, 'समय मिलाएर दुवैतिर जान्छौँ, उत्तिकै माया गर्नुहुन्छ ।' गणेशले विवाहपछि दुल्हन फर्काउन तोपगाछी समयगढस्थित निर्मलाको पहिलो घर नै रोजे । त्यसपछि मात्र निर्मलाको माइतीकहाँ बेहुलाबेहुली पुगे । गणेश भन्छन्, 'पहिले त मलाई हामीले सामान्य रूपमा विवाह मात्र गरेझैँ लागेको थियो, तर जब ठाउँठाउँमा सम्मान र प्रशंसा गर्न थाले अनि मात्र राम्रो काम गरेँछु भन्ने लाग्दै छ ।'

झापा धुलाबारीका स्थायी बासिन्दा गणेशबहादुर कार्की गरिखान श्रीमती र दुई छोरा लिएर धरमपुर- २ झरेका थिए । तर, उनी वैदेशिक रोजगारीमा गएका बेला श्रीमतीले छोरा छाडेर अन्तै विवाह गरिन् । श्रीमतीको विवाहपछि एक्लै भएका उनी बाँकी जीवन बिताउने र छोरालाई कसरी पढाउने भन्ने औडाहामा थिए । उनलाई पनि छोराको भरणपोषण गर्ने र घर सम्हाल्ने जीवनसङ्गीको साथ चाहिएको थियो । 'हाम्रो जोडीलाई दैवले नै जुराइदिएका रहेछन्, अनि त उस्तै परिस्थितिमा भेट भएर विवाह भयो ।' गौतम भन्छन्, 'आफन्तबाटै विवाहको कुरा चलेपछि उनले पनि नाइँनास्ती गरिनन्, म त तयार नै थिएँ ।'

विराटनगरकी महिला अधिकारकर्मी मञ्जिता उपाध्याय समाजमा बिस्तारै एकल महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थालेको बताउँछिन् । उनी भन्छिन्, 'विधवाको मान्यता दिएर अपहेलना गर्ने बुहारीलाई हिजोआज परिस्थिति हेरेर विवाह गरिदिने चलन पनि बढ्दै गएको छ । यसले समाज रूपान्तरणमा बल पुग्दै छ ।' उपाध्याय कुनै कारणले श्रीमान् गुमाउने एकल महिलाले इच्छा गर्दा फेरि घरजम गरेर बस्दा फरक नपर्ने बताउँछिन् ।

नेपाल महिला सङ्घ मोरङकी सचिव प्रमिला थापा एकल महिलालाई समाजले हेर्ने दृष्टि अझै सकारात्मक नरहेको टिप्पणी गर्दै भन्छिन्, 'विवाहपछि कुनै कारण श्रीमान्को मृत्यु भए महिलालाई आफन्तबाटै अपहेलना गर्ने प्रवृत्ति अझै घटेको छैन ।' उनले सासूससुराकै पहलमा कतिपय ठाउँमा बुहारीको पुनर्विवाह गर्ने क्रम बढ्नुले एकल महिलाको जीवन फेरि सुरु हुन सक्छ भन्ने थिति बसाल्न मद्दत पुग्ने बताइन् ।

*(संचारिका फिचर सेवा)*

बांगा कविता

## ज्योतिषी विद्या



● प्रेम ओली
(ढकलपुरे)

एक दिन एउटा ज्योतिषीलाई
सयको नोट थमाउँदै आफ्नो हात देखाएँ
ज्योतिषीले पनि पावरदार चस्मा नाकमा
टेकाए र भने
अहिले तिमीलाई राहु र केतु लाग्या छ
धेरै वर्षपछि शनी पनि जाग्या छ
तिमीले जेमा हात हाले पनि घाटैघाटा हुन्छ
त्यसैले तिम्रो भाग्य अलि पर पर भाग्या छ
अरुलाई दिएको पैसो पनि नफर्किने हुन्छ
तर चिन्ता गर्नु पर्दैन
यो ग्रहगोचरले दुई चार दाम माग्या छ ।

केही महिनापछि
तिनै ज्योतिषीलाई हजारको नोट थमाएँ
हत्त न पत्त ज्योतिषीले मेरो हात समाए
र भने
अब तिम्रो भाग्य झन्झन् राम्रो हुँदैछ
भाग्य खराब त बरु अब हाम्रो हुँदैछ
तिमीले जेमा हात हाले पनि ब्यापार फल्छ
अब तिम्रो अगाडि न राहु न केतुको कै
चल्छ ।

केही बर्षपछि
तिनै ज्योतिषीलाई दुईचार हजार टक्राएँ
र मेरो हात हेर्नुस् त गुरु भन्दै हात पक्राएँ
ज्योतिषीले हजार नोटले तिर्मिराउँदै भने
तिम्रो भाग्य अब बत्तीजस्तै झिलिक्क बल्या
छ
राहु केतु अब सुकेको रुख जस्तै ढल्या छ
तिमीले जे छोए पनि
त्यो लक्ष्मी भएर आउँछ
यस्तो भाग्य त साँच्चै भगवानले मात्र
पाउँछ
अब तिमी लाखको के कुरा करोडौं
करोडमा खेल्छौ
तिम्रा चिन्ताका दिन सकिए जस्तो संकट
पनि झेल्छौ
तर आफ्नो समस्या भने
हिजो जस्तोथ्यो आज पनि त्यस्तै थियो
थाहा पाइहाल्नु भो नि अब तपाईंले पनि
यी नामी भनेका ज्योतिषीको विद्या कस्तो
थियो ।

# निशुल्क स्वास्थ्य शिविर



काठमाडौं । डिल्लीबजार रोटरी क्लबले बालबलिकादेखि जेष्ठ नागरिकसम्मलाई सेवा दिने गरी निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । जनरल फिसिसियन, हाड जोर्नी तथा नशा रोग, स्त्री रोग तथा प्रसुति रोग, आँखा तथा बाल रोगका विशेषज्ञहरुले २०० जनाभन्दा बढी बिमारीलाई स्वास्थ्य जाँच गरेका थिए । उक्त कार्यक्रममा केही औषधी पनि निःशुल्क वितरण गरिएको थियो भने सो कार्यक्रमलाई एपेलो क्लिनिक, एसएबि स्कुल,जेपी फाउन्डेसनको पनि विशेष सहयोग रहेको थियो । आजको स्वास्थ्य शिविर कस्तो लाग्यो ? हाड जोर्नी जाँच गरेपछि निस्केका एक जना जेष्ठ नागरिकलाई सोद्धा भने- 'चिसो गर्दा झन् हातखुट्टा दुखेका थिए । अस्पातल आउन पनि गाह्रो लागिरहेको थियो । यो निःशुल्क स्वास्थ्य शिविर सुनेपछि आएँ । मलाई साह्रै राम्रो लाग्यो । यो त तीन तीन महिनामा गर्नुपर्‍यो । अस्पातल त आइनसक्नु चर्को छ । हामी बूढाबूढीहरुलाई ल्याब पनि निःशुल्क भएहुन्थ्यो है बाबु, हाहाहाहा ।'

# बाल क्लबले ल्याएको परिवर्तन

**बीरा गडाल /बैतडी**

बालमैत्री स्थानीय शासन घोषित बैतडी जिल्लाको साबिक सिद्धेश्वर गाविसमा स्थानीय बाल क्लवहरूले विद्यालयको शैक्षिक क्रियाकलाप र सामाजिक परिवर्तनमा महत्वपूर्ण योगदान दिएका छन् । 'बालबालिकाहरूले बालक्लबमार्फत् उनीहरूको व्यक्तित्वको विकाससँगै विद्यालय सुशासनमा पनि महत्वपूर्ण सहयोग दिईरहेका छन् ।' बैतडी जिल्ला शिक्षा कार्यलयका विद्यालय निरीक्षक शंकरदत्त भट्टले भने 'विद्यालयमा दण्डरहित शिक्षा लागू गर्नेदेखि बालबालिका विद्यालय भर्ना अभियानमा समेत योगदान दिएका छन् ।'

सिद्धेश्वर ज्ञानेश्वर उच्च माविका प्रधानाध्यापक तर्कराज भट्टले विद्यालयस्तरीय बाल क्लबको गतिविधिले शिक्षक, अभिभावक र बालबालिकाहरूमा बालबालिकाप्रति सकारात्मक सोचाई विकास गर्न सहयोग पुगेको बताए । 'बिद्यार्थीहरू आफै छलफल गर्छन् र कुनै पनि बिषयमा आफै निर्णयमा पुग्छन् ।' उनको थप भनाई थियो, 'बालबालिकालाई बिश्वास गरियो भने उनीहरू पनि जिम्मेवार ढंगले अगाडि बढ्दा रहेछन् भन्ने पाठ बाल क्लबबाट सिकिरहेका छौ ।'

बालबालिकाहरूले किशोरी शिक्षा अभियान पनि चलाएका छन् । उक्त अभियानमार्फत् किशोरीहरूको समस्या उनीहरू आफै पहिल्याउँछन् र समाधानको बाटो पनि उनीहरूले नै दिने गरेका छन् । स्थानीय बाल क्लबकी अध्यक्ष गीता बिककाअनुसार बाल क्लबले किशोरी शसक्तिकरणको कार्यक्रम नै सुरु गरेको छ । किशोरीहरू महिनावारी हुँदा गोठमा सुत्नु पर्ने अवस्थाको अन्त्यका लागि बिशेष पहल गरिदै आइएको छ । 'बाल क्लबमा समेटिएका बालबालिका विद्यालय भर्ना अभियानमा पनि सरिक हुन्छन्' जनता माविका प्रधानाध्यापक पुण्डरिक प्रसाद शर्माले भने, 'विद्यालय भर्ना गर्ने समयमा बाल क्लबका बालबालिकालाई लिएर घरदैलो गर्ने गरेका छौं । यसले पनि सबै बालबालिकालाई विद्यालय पठाउने सन्देश समाजमा फैलिएको छ ।'

साविक सिद्धेवर गाविस बालमैत्री स्थानीय शासन घोषित स्थानीय तहको इकाइ हो । स्थानीय निकायको पुनर्सरचनापछि पाटन नगरपालिकामा गाँभिएको यो गाविसमा बालमैत्री स्थानीय शासनको निरन्तरता कायम छ । यही संरचनालाई आधार मानेर पुरै नगरपालिका घोषणा गर्न लागि परेको स्थानीयहरूले बताएका छन् । बालमैत्री स्थानीय शासन घोषणा हुनका लागि बाल बचाउँका दश, बाल संरक्षणका पाँच, बाल विकासका ६ र बाल सहभागितासम्बन्धी ६ गरी सेवा प्रबाहका २७ सूचक पुरा हुनु पर्दछ । बाल क्लबका कारण बाल विकास र बाल सहभागिताका सूचक पुरा गर्न सहयोग पुगेको स्थानीय पाटन नगरपालिका वडा नम्बर ८ का वडा सचिब प्रेमसिह बिष्टले बताए । बाल विकासका लागि सत्प्रतिशत बालबालिका विद्यालय भर्ना हुनुपर्छ भने प्रत्येक विद्यालयमा छात्र तथा छात्राको अलग अलग शौचालय र प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप भएको हुनु पर्दछ । पाटन नगरपालिकामा सबै शिक्षालयले यी सूचक पुरा गरेको नगरपालिकाकी उपमेयर सरस्वती कौलीले दाबी गरेका छन् । विद्यालय व्यबस्थापन समितिमा बालबालिकाको प्रतिनिधि राख्ने व्यबस्था गरिएको छ । विद्यालयका व्यबस्थापन समितिकी अध्यक्ष समेत रहेकी उपमेयर कौलीले जानकारी दिए । 'हामी उनीहरूलाई तिमीहरूको प्रतिनिधि चाहियो भन्छौं, बालबालिकाहरू बैठक गरेर प्रतिनिधि पठाउँछन् । त्यसरी पठाइएको प्रतिनिधिको अर्थपूर्ण सहभागिताको व्यबस्था गरेका छौं' उनले थपे ।

बाल क्लबहरूले बाल विवाहलाई निरुत्साहित गर्न पनि लागि परेको सिद्धेश्वर मावि हुक्कैडाँडाका प्रधानाध्यापक प्रकाश सिंह महराले भने । बाल विवाह रोक्न बालबालिकाको सहयोग महत्वपूर्ण छ । उनीहरूले बाल विवाहबारे थाहा पाए भने त्यस्तो घरमा गएर सम्झाउने र प्रहरीको सहयोगसमेत लिने गरेका छन् ।

*–साभार: मीरेष्ट लेखमाला*

# बाढी पीडितले पाएनन राहत

काठमाडौं । निर्वाचन सकिएपछि मधेसका जनताले निर्वाचनको क्रममा राजनीतिक दलहरुले व्यक्त गरेको भाषण कार्यान्वयनको माग गर्न थालेका छन् । अहिले तराई मधेसका जनताहरुले राजनीतिक दलहरुले मुख्य मुद्दा नबनाए पनि गाउँ ठाउँमा भाषण गर्दा व्यक्त गरेको बाढीपीडितलाई राहत दिने र डुबानबाट क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्ने प्रतिबद्धता कार्यान्वयनको माग गर्न थालेका हुन् । गत साउनमा आएको बाढी र डुबानका कारण तराई मधेसका कृषक, उद्योगी, व्यापारी लगायत सबै क्षेत्रमा असर पुऱ्याएको थियो । भत्किएका सडक, नहर, बाँध लगायत भौतिक संरचनाहरुको अवस्था दयनीय छ । सुगम क्षेत्र तराई मधेसमा बाढी र डुबानले भौतिक पुर्वाधारमा पुऱ्याएको क्षतिले दुर्गमजस्तै बनेको पाइन्छ । बाढीका कारण सडक, पुल क्षतिग्रस्त भएपछि केही निर्माण गरिएका डाईभर्सनको रकम समेत निकासा नभएका जानकारी दिँदै अधिकारीहरु थप निर्माणको काम गर्न नसक्ने बताउँछन् ।

रौतहटको निर्वाचन क्षेत्र नं. ३ बाट विजयी नेकपा माओवादी केन्द्रका सचिवालय सदस्य तथा विना विभागीय मन्त्री प्रभु साह बाढी र डुबानबाट पीडित तराई मधेसका जनतालाई राज्यले पूर्ण रुपमा बेवास्ता गरेको गुनासो गर्छन् । मन्त्रिपरिषद बैठकमा पटक पटक कुरा राख्दा पनि सुनुवाई नभएको जानकारी दिदै मन्त्री साहले भने, 'बाढी र डुबान हुने बित्तिकै मन्त्रिपरिषदको बैठकमा संकटग्रस्त क्षेत्र घोषणाको माग गर्दा प्रधानमन्त्री र अन्य मन्त्रीहरुले असहयोग गरेका थिए । मन्त्री साहका अनुसार सरकारले विशेष राहत प्याकेज, अस्थायी आवासका लागि १५ हजार रुपैयाँ प्रदान गर्ने, बाढीपीडितहरुलाई तत्काल खानको लागि दैनिक ७० रुपैयाँ दिने लगायतका निर्णय गरे पनि हालसम्म कार्यान्वयन हुन नसकेको जानकारी दिएका छन । 'निर्णय जनपक्षीय नगर्ने र गरेको निर्णय पनि कार्यान्वयन नगर्ने राज्यको हेपाहा प्रबृत्तिको शिकार तराई मधेसका आमजनता भइरहेका छन ।

कथा

# जीवनका दस दिन

**लक्ष्मी उप्रेती**

घर अगाडिको आँपको हाँगामा बसेर आज बिहान काग करायो । काँ..काँ..काँ.., काँ....काँ....काँ.... ।

त्यो काग घरतिर फर्कंदै तीन प्रकारको लेघ्रो तानेर तीन पटक एकोहोरो कराएर त्यहाँबाट फुत्त उडेर गयो । सधैँझैँ काग कराउँदा झर्को लागेन आज मलाई बरु यी आवाजसँगै जीवनमा बितेका मेरा दश दिन सरर्र सम्झनामा आए । तीनवर्ष बितिसकेछ मौनताका साथ बिताएको दशदिने ध्यान शिविर । मौन वातावरणमा पनि शिविर छेउको घना जङ्गललाई छिचोलेर आएको चराचुरुंगीहरूको चिरबिरको कलरव । साँझमा कानै खाने झ्याउँकीरीको ठिटलाग्दो चर्को स्वर । शिविरभित्रका थुप्रै खाले तुलफूलले सजिएको बान्की मिलेको सानो बगैँचा । बगैँचाभित्र आँपको बोटमा बसेर हरेक दिन झर्को लाग्ने गरी कराउने कागको यस्तै आवाज । जीवनको अर्थ खोज्न गएका मजस्तै अन्य सहभागीहरूको धमिलो सम्झना र गम्भीर स्वभावकी शालीन जेनीसँग गाँसिएको अनौठो सम्बन्धका मीठा स्मृतिहरू । हो, जेनीलाई मैले बिर्सनै सकिनँ । जीवनका मोडमा ऊजस्ता कति साथीहरू भेटिन्छन्, छुटिन्छन्, तर समयको गतिसँगै उनीहरूको सम्झना बिस्तारै-बिस्तारै धमिलिँदै निखन्छ । जेनी भने मेरो मनको एउटा कुनामा कहिले ननिखने माया बनेर टाँसिएकी छे ।

आज शनिवार भएकाले एकछिनका लागि सबै काम छोडेर चिया लिएर कुर्सीमा बसेँ तीन वर्ष अगाडिको कुरा अधुरै छाडेर छुटेकी जेनीलाई सम्झनाका तरमा छचल्काउँदै । ऊ स्पेनकी नागरिक रहिछ । ध्यान शिविरको अन्तिम दिन उसले भनेकी थिई । उसले उमेर भन्न मानिन, तर मेरो अन्दाजमा त ऊ लगभग तीस वर्षकी हुँदी हो ।

मानिसहरू जुन देश र जुन भाषा बोल्ने हुन्, तर मनको भाषा एउटै हुँदो रहेछ । जेनीसँगको छोटो भेटमा मैले त्यस्तो अनुभव गरेँ । शिविर प्रवेशसँग मेरो दृष्टि जेनीतिर पर्‍यो । स्वंयसेविकाको रूपमा शिविर परिसरमा रहेको बगैँचाको एउटा कुनामा हामीलाई स्वागत गर्न मृदुल मुस्कानमा उजेलिँदै शालीनताकासाथ जेनी उभिएकी थिई । यसबेला सम्झनामा बग्दै छ, त्यही समय त्यही परिवेशमा उसको चित्र आँखामा टाँगिँदै ।

तीन महिना अगाडि स्पेनबाट ट्रेकिङका लागि आउने एउटा टोलीमा सहभागी भएर जेनी पनि भारत हुँदै पहिलो पटक नेपाल आएकी रहिछ । एक महिना अगाडि उससँग आएका साथीहरू स्पेन फर्किएछन्, तर जेनीलाई केही दिन नेपाल बस्न मन लागेछ र फर्किनछ । आफ्ना साथीहरूलाई सरक्क बिदा गरेपछि जेनी ध्यान गर्नका लागि शिवपुरीको फेदमा भएको विपश्यनामा पुगिछ । विपश्यनामा दशदिने शिक्षा गम्भीरता र अनुशासनका साथ धारण गरिछ । त्यसपछि केही दिनका लागि उसलाई त्यहीँ बसेर सेवा गर्ने इच्छा पलाएछ । अनि हाम्रो टोलीका सहभागीहरूको सेवाका लागि धर्म सेविकाका रूपमा नियुक्त भइछ ।

शिविर प्रवेशको पहिलो हेराइमै मैले जेनीलाई साँच्चीकै धर्म सेविकाको रूपमा पाएँ । उसप्रतिको आकर्षणले मलाई लोभ्याइरह्यो । उससँग बोलौँ-बोलौँ लागिरहन्थ्यो, तर आर्य मौनको पालन गर्नुपर्ने भएकाले बोलिएन । कुनै कुनै बेला उसका आँखा जब मेरा आँखासँग जुद्थे, तब ऊ मुसुक्क मुस्कुराउँदै अर्कातिर फर्कन्थी । त्यस क्षण उसको निश्चल र निर्मल दृष्टिमा पीडाको गहिरो सागर टलपलाउँथ्यो ।

तेस्रो दिन खाना खाइसकेर फर्कंदा उसलाई शिविरको बगैँचामा एक्लै देखेँ । मन थाम्न नसकेर सोध्न खोजेँ । तर ऊ मेरो अनुहार नहेरी फरक्क फर्केर अघि बढी । मैले सोचेँ यो त विपश्यनाको कठोर र शिष्ट नियम हो । त्यही दिन दिउँसोदेखि जेनीलाई धम्महलभित्र पस्ने प्यासेजमा साधनाको समयभन्दा पहिले नै र साधना सकिएर सबै निस्किसक्दा पनि पूर्णरूपमा समर्पित भएर कठोर ध्यानमा बसेको देखेँ । बाहिर निस्कँदा टक्क अडिएर उसलाई हेरेँ । कतिपटक त्यस अवस्थामा उसका आँखाबाट आँसु बगेको हुन्थ्यो । किन हो किन, उसको यस्तो अवस्था देखेर मलाई नरमाइलो लाग्थ्यो । सबै साधकहरू त्यहाँबाट निस्किसकेर जब हल शून्य हुन्थ्यो, तब मात्र जेनी त्यहाँबाट उठ्थी र अरू कोही नभएको ठाउँमा गएर एक्लै टोलाउँदथी । उसको यस्तो स्वभावले गर्दा, सबैले अन्दाज लगाउँदै स्वंयसेविकाहरूको आँखा छलेर साउती गर्थे । यो विदेशी केटीले मायामा धोका पाएर होला यस्ती नीरंस र विचलित हुन्छे विचरी चँ....चँ.....चँ भन्दै सहानुभूति प्रकट गर्थे ।

व्यवस्थित रूपमा सञ्चालित भएको त्यो शिविर हरेक देशका मानिसहरूका लागि आकर्षणको केन्द्रबिन्दु रहेछ । वृद्धवृद्धाहरूका साथै पन्ध्रवर्षदेखि चालिससम्मका युवापुस्ताका केटाकेटीहरू प्रशस्त सहभागी हुने शिविरको नियम पनि कडासँग पालना गर्नुपर्ने । जीवनोपयोगी शिविरको व्यवस्थापनमा महिलाहरूका लागि महिला नै र पुरुषहरूका लागि पुरुष नै स्वयम्सेवक रहेछन् । शिविरमा साधनाका लागि धम्महल एउटै भए तापनि हलको ढोका फरक फरक, बाटो पनि फरक, बगैँचा फरक, भान्छा, विश्रामगृह फरक पारेर सुविधायुक्त बनाएको छ । महिला र पुरुषको क्षेत्र छुट्ट्याउन सजिलो पार्नका लागि महिला क्षेत्र र पुरुष क्षेत्र लेखिएका प्लेटहरू ठाउँ ठाउँमा टाँसेका छन् ।

हरेक दिन उपयोगी फरक वाणीहरू लेखिएका बोर्डहरू धम्महलको दुवैतिरको ढोका बाहिर राखिएका हुन्थे । हरेक बोर्डको अन्तमा सबैको मङ्गल होस् भन्ने कामना लेखिएको हुन्थ्यो । शिविर परिसर एउटै कम्पाउन्डभित्र भए तापनि साधनाका लागि निर्धारित दश दिनसम्म महिला र पुरुष साधकहरूको भेट हुन सक्तैनथ्यो । सुविधायुक्त धम्महल, भान्छाघर र विश्रामगृहको माझमा स्नानगृह र ल्याट्रिनका कोठाहरू गोलाकारमा लस्करै भएकाले कसैले कुर्नु पर्दैनथ्यो ।

हरेक दिन शिविरको नियम अनुसारका दैनिकी अनुशासनले पालना गर्नुपर्थ्यो । बिहान ४ बजे टङग.....टङ्ग......टङ्गको मृदुल धुन आठ नौ पटकसम्म बज्दथ्यो । घण्टीको आवाजसँगै सबै साधकहरू जुरुक्क उठेर फ्रेस हुनतिर लाग्दथे । ४.३० सम्ममा सबैले हलभित्र आआफ्नो आसनमा नै बसेर मौन तरिकाले ध्यानमग्न हुनुपर्दथ्यो । ६.३० मा चियानास्ताको लागि त्यसरी नै घण्टी बज्दथ्यो । बिहान सधैँ भिन्नाभिन्नै परिकारका नास्ता, दूध वा चिया पेटभरि खाएर ८ बजेसम्म विश्रामको समय निर्धारित क्षेत्रमा घुमफिर गर्ने, नुहाउने, लुगा धुने वा विश्राम गर्ने आआफ्नो इच्छाले बिताउँथे ।

८ बज्नुभन्दा १० मिनेट अगाडि घण्टीको ध्वनिसँगै साधकहरू फेरि सलबलाउँदै साधनाका लागि हतारहतार धम्महल जान्थे र ११ बजेको घण्टीको आवाजपछि लाइनबद्ध भएर खाना खान भान्छामा जान्थे । त्यहाँ बसुन्जेल भिन्नाभिन्नै स्वादको मीठो खाना खाएपछि आफूले खाएका थालकचौरा आफैँ माझ्नु पर्दथ्यो । अनि १ बजेसम्म विश्रामको समयमा चुपचापसँग आआफ्नै सुरमा भइन्थ्यो । फेरि १ बजे गुन्जिएको घण्टीको आवाजसँगै धम्महलभित्र पुग्नका लागि सलबल गर्दै ओहोरदोहोरको भीड हुन्थ्यो । १ बजे देखि ५ बजेसम्म धम्महलभित्र सामूहिक रूपमा ध्यानमा बस्दाबस्दै घण्टी लागेपछि रातिको खानाको लागि भान्छामा हल्का फलफूल, दूध, चिया तथा कागती पानी र एक कचौरा मुरै खाएर निस्किएपछि बगैँचाको वारपार सबैको अनौठो चहलपहल हुन्थ्यो ।धम्महल बाहिरै ढुंगा ओछ्याएको सानो बान्की परेको लामो आँगन, आँगनको मास्तिरपट्टिको छेउमा भएको ज्याकन्डा फूलको रूखबाट छरिएको बैजनी फूलको बिस्कुन । तल्लो र मास्तिर गरामा दुबोले भरिएको हरियो चौरे आँगन । चौरे आँगनका ठाउँठाउँमा कागती, दारिम, आरुबखडा र आँपका साथै अन्य फलफूलका बोटहरू र मनै लोभ्याउने गरी झपक्क फुलेका गुलाफ । बाटाको छेउमै पानी पिउनका लागि राखेका पानीका भाँडा र गिलासहरू त्यसको नजिकै चटक्क परेको सानो पोखरी ।

साँझको खाना खाएर ६ बजे अघिसम्मको समयमा प्रायः यही बगैँचा वरिपरि सबै साधकहरूको अनेकौं क्रियाकलापहरू हेर्दाहेर्दै छुट्टै संसारमा पुगेको जस्तो अनुभव गर्थे । कोही आँगनको पेटीमा सुविधा अनुसार ढल्कने, सुत्ने, बस्ने, कोही अनेक प्रकारको व्यायम गर्ने, कोही ढिलो छिटो गरेर हिँड्दै आफ्नो सुरमा मस्तसँग ओहोरदोहोर गर्दै आफूलाई खुसी राख्ने प्रयत्न गर्थे । यस्तो देख्दा मलाई चलचित्रमा देखेको मानसिक अस्पतालका रोगीहरूको दृश्य झझल्कन्थ्यो ।

*क्रमशः*

# सन् २०१७ लाई फर्केर हेर्दा


सुधा कार्ल

**१) अमेरिका उत्तर कोरिया विवाद**

सन् २०१७ को शुरुवातसँगै अमेरिकामा सबैको सोचाइ विपरीत हिलारी क्लिन्टनलाई हराउँदै डोनाल्ड ट्रम्प अमेरिकाको ४५औं राष्ट्रपति बने । उनी राष्ट्रपती बनेसँगै उत्तरकोरियासँग अमेरिकाको वाकयुद्ध मात्रै शुरु भएन उत्तर कोरियाले गरेको २९ अन्तरदेशीय क्षेप्यास्त्रको परीक्षणका कारण अमेरिकाले जापान र दक्षिण कोरियासँग मिलेर प्रशान्त महासागरमा संयुक्त सैनिक अभ्यास गर्नुपर्ने स्थितिको सिर्जना भयो । उत्तरकोरियाले हो न हो टोकियो तथा सोलमा आणविक आक्रमण गर्छ भन्ने त्रास देखाई दक्षिण कोरियामा अमेरिकाले क्षेप्यास्त्र प्रतिरोध गर्न सक्ने अस्त्र नै जडान गर्नुपर्ने बाध्यता देखियो । संयुक्त राष्ट्र संघमा रहेका उत्तरकोरियाका राजदुतले ट्रम्पको प्रशासनलाई चेतावनी दिँदै अमेरिकासँग कुनै पनि बेला आणविक युद्ध हुन सक्ने कुरा बताए । चेतावनीबाट तर्सेको अमेरिकाले एकातर्फ संयुक्त राष्ट्रसंघ र अर्कोतर्फ चीनलाई गुहारी उत्तरकोरियालाई सम्झाउन आग्रह गऱ्यो । त्यसैबीच उत्तरकोरियाको जेलमा रहेका २२ वर्षे अमेरिकी नागरिक जेलबाट छुटनासाथ मृत्यु हुनुले दुई देशबीचको सम्बन्धलाई झनै बिगाऱ्यो । संयुक्त राष्ट्रसंघको महासभालाई पहिलो पटक सम्वोधन गर्दै ट्रम्पले उत्तरकोरियामाथि कुनै पनि बेला आक्रमण गर्ने बताए । संयुक्त राष्ट्र संघको सुरक्षा परिषदले उत्तरकोरिया विरुद्धको आर्थिक नाकाबन्दीलाई अझै कडा गरैकै बेला पछिल्ला दिनहरुमा चीनले उत्तरकोरियालाई तेल बेचेको अमेरिकाले रंगेहात पकडेको समाचार आउनुले चीन उत्तरकोरियाको पक्षमा रहेको बताइन्छ । हुन पनि दक्षिण चीन सागरमा अमेरिकी सैन्यको व्यापक उपस्थितिलाई चीनले नचाहेको परिप्रेक्ष्यमा कतै २०१८ विश्वयुद्धको वर्ष हुने त होइन भन्ने शंका सवत्र ब्याप्त भएको छ ।

**२) मेर्कल शक्तिशाली युरोपेली महिला**

२०१७ को अनौठौ घटना भनेको जर्मन प्रधानमन्त्री जसलाई चान्सलर भनिन्छ सो पदमा आन्जेला मेर्कल चौथोपटक निर्वाचत भएकी छिन् । सन् १९९० सम्म हेल्मुटकोल क्रिश्चियन डेमोक्राट दलबाट चान्सलर रहँदासम्म पार्टीभित्र लिटिल गर्ल याने सानी बच्ची भनेर चिनिने आन्जेला यसरी




जर्मनी जस्तो ठूलो देशकी प्रधानमन्त्री चारपटक लगातार होलिन् भनेर कसैले सोचेको थिएन । पूर्व जर्मनीमा हुर्केकी एक महिला अधिकारवादी पश्चिम जर्मनीसहितको एकीकृत जर्मनीको चान्सलर हुनुले पनि उनले इतिहास रच्न सफल भइन् । चार पटक चान्सलर भइसक्दा उनी सिंगै युरोपकी महिला नेतृ बन्न सफल भइसकेकी छिन् । किन सफल भइन् त मेर्कल भन्दा देशमा आर्थिक मन्दीको बाबजुद



पनि न्यूनतम ज्यालादरको सिद्धान्तलाई ब्यवहारमा उतार्न सक्नु, आणविक ऊर्जाबाट देशलाई सफा नवीकरणीय ऊर्जाको बाटोमा डोऱ्याउनु, ३० प्रतिशत जर्मन महिलालाई सरकारी, गैरसरकारी र ब्यापारिक संस्थानको नीति निर्माण र कार्यकारी पदमा राख्न कोटा निर्धारण गरी त्यस्को सफल कार्यान्वयन गराउनु, चाहे ग्रीसको आर्थिक मन्दीको समस्या होस् वा सिरियाको शरणार्थीको समस्या होस् त्यसमा मानवीय दृष्टिकोण राखी आर्थिक र मानवीय सहयोग गरी समस्याको उचित समाधान खोज्न सफल हुनुले उनी जर्मनी र युरोपको मात्रै नभै विश्वकै सफल र प्रभावशाली महिला नेतृ बन्न पुगिन् र यसैकारण जर्मनीको चान्सलर पदमा चारपटक लगातार निर्वाचित भई विश्व इतिहासमै आफ्नो स्थान सुरक्षित पार्न सफल भइन् ।

**३) स्पेन विखण्डनतर्फ**

दक्षिण युरोपेली देश स्पेनको इतिहास पढ्ने हो भने यो देशलाई कहिले सैनिक तानाशाहले, कहिले राजतन्त्रले, अनि कहिले प्रजातान्त्रिक ब्यवस्थाले शासन गरेको देश हो । यस देशमा भएका आतंककारी विखण्डनवादीहरुले बेलामौकामा थुप्रै सर्वसाधारण नागरिकको ज्यान लिएका उदाहरणको बाबजुद युरोपेली आयोगमा संलग्न स्पेन झण्डै झण्डै आर्थिक रुपमा धराशायी हुनुबाट जोगिएको र त्यसैको कारण राजाले गद्दी छोड्नुपर्ने अवस्थाबाट गुज्रिएको देश हो । सन् २०१७ स्पेन अखण्डताको लागि सुखद रहन सकेन । फ्रान्ससँग सीमा जोडिएको पूर्वीउत्तर स्पेनको क्याटालोनिया जस्को सदरमुकाम वार्सिलोना जस्तो विश्वब्यापी खेलकुद सहरको रुपमा चिनिन्छ त्यहाँ भएको जनमत संग्रहले स्पेनबाट छुट्टिएर स्वतन्त्र राष्ट्र बन्ने भएपछि स्पेनको अखण्डता सिसाको गिलास जस्तो चकनाचुर हुने अवस्थाको सिर्जना भएको छ । आफ्नै इतिहास, भाषा र संस्कृति भएकै कारण स्पेनी संविधानले समेत स्पेनभित्रकै छुट्टै राष्ट्रियता र स्वायत्तता दिएको काटालोनियाको राष्ट्रिय राजनीतिमा समेत अहं भूमिका





हुँदै आएको थियो । जनमत संग्रहमा विखण्डनको पक्षमा मत जानुले कतै स्पेनको रानधानी मेड्रिडभन्दा पनि विश्वमा वार्सिलोना प्रख्यात हुनुले पनि हो त भन्ने प्रश्न सर्वत्र उठेको छ । हुन त काटालोनहरु आफूलाई स्पेनिसभन्दा पनि काटालोन भन्नै रुचाउनेको संख्या अधिक भएको र कुनै दिन काटालोनिया स्पेनबाट अलग हुने लख भने नकाटिएको थिएन । हुनत जनमत संग्रहमा विखण्डन चाहने पक्षको जित भए तापनि स्पेन सरकार र त्यहाँको उच्च अदालतले सो नतिजालाई स्वीकार गरेको छैन र गर्ने पक्षमा पनि छैन । बरु स्पेनी प्रहरीको निशानामा विखण्डनवादीहरु परिरहेको अवस्था अहिले पनि रहेको छ । प्रहरीको ज्यादतीको कारण हिजोसम्म विखण्डनको पक्षमा नरहेका काटालनहरु खुलेरै विखण्डनको पक्षमा लाग्न थालेको अवस्थामा काटालोनहरुले स्वतन्त्रता पाए स्पेनभित्रकै अर्को विखण्डन चाहने वास्कहरुले स्वतन्त्रता नमाग्लान् भन्न सकिन्न । किनकी वास्कहरुसँग त स्पेनी सरकारको युद्धविराम भएको अवस्था मात्रै छ जुन भनेको काटालनहरुसँगको भन्दा झनै गम्भीर समस्या रहँदै आएको छ किनकी काटालानहरुले वास्क जस्तो हतियारै उठाएको अवस्था छैन ।

**४) मुगावेको युगको अन्त**

श्वेतहरुको उपनिवेशताका रोडेसियाको नामबाट चिनिने दक्षिण अफ्रिकी देश स्वेतको शासनबाट सन् १९८० मा मुक्ति पाएपछि जिम्बाबेको नामबाट चिनिन थाल्यो । स्वेतहरुको पंजाबाट मुक्त गर्ने कार्यको अभियन्ताहरु रोवर्ट मुगावे र जुसुवा एन्कोमो थिए । पछि मुगावे स्थापित हुँदै १९८७ मा जिम्बाबेको राष्ट्रपति बने भने एन्कोमो राजनीतिक परिदृश्यबाट हराए । सन् १९६४ बाट राष्ट्रवादी दलको सदस्यता




लिई स्वेत शासनविरुद्धको अभियानमा लागेका मुगावे त्यसैको कारण जेल परेका थिए । सन् १९७४ मा उनी पहिलो पटक जिम्बाबे अफ्रिकन नेसनल युनियन पेट्रोओटिक फ्रन्टको नेता बनेका थिए । उनैको नेतृत्वमा भएको स्वतन्त्रताको आन्दोलनको कारण सन् १९८० जिम्बाबे बेलायतको उपनिवेशबाट मुक्त भयो । जिम्बाबे स्वतन्त्र हुनासाथ १९८२ देखि ८६ सम्म चार वर्ष त्यहाँ गृहयुद्ध चल्यो जस्मा २० हजार न्डेवेले जातिको संहार हुन पुग्यो । सन् १९८७ मा भएको चुनावमा विजय हासिल गरी मुगावे प्रथम पटक जिम्बाबेको राष्ट्रपति बने र सन् २००० मा उनले विवादास्पद भूमिसुधार लागू गरी स्वेतहरुको कब्जामा रहेको जग्गा जमिन राष्ट्रियकरण गरे । यसप्रकार बेलायतसँगको सम्बन्ध चिसिन गएकै कारण २००३ मा उनले कमनवेल्थको सदस्यताबाट जिम्बाबेलाई बाहिर निकाले । आफ्ना क्रियाकलापका कारण विस्तारै अलोकप्रिय बन्दै गएका मुगावेले सन् २००८ को चुनावमा आफ्नो दलको बहुमत गुमाए तापनि राष्ट्रपति भने कायम रहे । देशभित्र अलोकप्रिय भए तापनि देशबाहिर उनको लोकप्रियतामा कमी आएको थिएन । त्यसैले गर्दा होला सन् २०१५ उनी अफ्रिकी संघको अध्यक्ष बने । सन् २०१७ को अन्ततिर सत्ता छोडनुअघि उनी ९३ वर्षका विश्वकै एकमात्र पाका राष्ट्रपति बन्न पुगे । १०० वर्षको उमेरसम्मै राष्ट्रपति भइरहने चाहना राख्ने मुगावेको ३७ वर्षको सक्रिय नेतृत्व किन पतन भयो त ? किन आफनै दलले कि त खुरुक्क राजीनामा देउ होइन भने महाअभियोग लगाइ हटाउँछौ भन्ने अवस्था किन आयो त ? मुगावेको पतनको कारण उनको भूमिसुधार नीति नै हो जस्को कारण जिम्बाबेमा पश्चिमको आर्थिक लगानी बन्द हुन पुग्यो र जिम्बाबे आर्थिक रुपबाट असफल राष्ट्र बन्ने दिशातर्फ अगाडि बढ्न लागेको बताइएको छ ।

## रोचक संसार

### नयाँ वर्ष बनाउने नयाँ चलन




नयाँ वर्ष आ(आफ्नो समय तथा संस्कार अनुसार पूरै विश्वभर एक उत्सव तथा पर्वको रुपमा मनाइन्छ । विश्वका देशहरुले आ आफ्नो तिथिमिति तथा परम्परा अनुसार नयाँ पर्वलाई उत्सवको रुपमा मनाउँछन् । नयाँ वर्ष मनाउने केही संस्कार निकै अनौठा छन् । इटालीमा एउटा भनाई निकै प्रचलित छ, 'आउट विथ दी गोल्ड' अर्थात् बाहिर फ्याँक्नुभन्दा राम्रो केही छैन । र, यो उखानको पालना गर्ने सबैभन्दा राम्रो मुहुर्त चाहीँ नयाँ वर्ष सुरु हुने दिनको अघिल्लो रात, अर्थात् न्यू इयर इभ ।

इटालियनहरुका अनुसार न्यू इयर इभमा घरको झ्यालबाट कुनै न कुनै पूरानो चिजविज फ्याँक्नैपर्दछ । चाहे टोस्टर होस् वा ताप्के वा टिभी, जे सुकै किन नहोस् । यसो गर्नाले नयाँ वर्षमा घरभित्र पूरानोको ठाउँमा नयाँ चिजवस्तु भित्रिन पाउँछन् र घरमा सम्वृद्धि आउँदछ भन्ने मान्यता रहेको छ । स्टोनियामा न्यू इयर इभमा मानिसहरुले आफुले विभिन्न परिकार खानपान गर्नु त छँदैछ खानेकुराका ७, ९ वा १२ परिकार दराजभित्र राखिदिन्छन् । ज ति धेरै परिकार दराजभित्र राख्न सक्यो उति नै धेरै सौभाग्य प्राप्त हुन्छ भन्ने मान्यता त्यहाँ छ । ३१ डिसेम्बरको रातमा आफ्ना मृतक पूर्वजहरु घरमा खाना खान आउने हुनाले दराजभित्र थरीथरीका परिकार राखिदिएमा पूर्वजहरुले पेटभर खान पाउने मान्यता रहिआएको छ ।


ब्राजिलमा न्यू इयर इभ सेलिब्रेट गर्ने दुई तरिका छन् । मानिसहरु सेतो कपडा लगाएर मध्यरातमा समुद्रमा गएर पौडी खेल्दछन् । समुद्रका सात लहरसम्म तैरिएर आउन सकेमा इश्वर खुसी हुने र आगामी वर्ष सुख सम्वृद्धिले भरिपूर्ण हुने विश्वास उनीहरुमा छ । त्यस्तै मानिसहरु फूल, गहना तथा विभिन्न उपहार लिएर डुंगामा बस्दछन् । डुंगामै चढेर मानिसहरु रातमा समुद्रको बीचमा पुग्दछन् ।

स्पेनमा न्यू इयर इभका फरक खालको संस्कार छ । रातो रंगको एक जोडी अण्डरवेयर खरीद गर्ने चलन छ । यसो गर्नाले नयाँ वर्षमा गुडलक आउने विश्वास छ । रातो रंग मानिसहरुको सौभाग्यको सूचक हो । मानिसहरु न्यू इयर इभ रातको १२ बज्नु १२ सेकेण्ड अघिबाट मनाउन सुरु गर्दछन् । अनि १२ बजे अगाडिका ती १२ सेकेण्डमा एक एक गेडा अंगूर खान्छन् । यसरी १२ गेडा अंगुर खानाले गुडलक आउने विश्वास गरिन्छ । इक्वेडरमा मानिसहरु चर्चित सेलिब्रेटीहरुका ठूला ठूला पुत्ला बनाउँछन् । अनि रात ढल्किँदै गर्दा आगो बालेर पुत्ला दहन गर्दछन् । यसो गर्नाले गुडलक आउने विश्वास गरिन्छ ।

डेनमार्कमा मानिसहरुले घरमा टुटेफुटेका सरसामानहरु वर्षदिनभर जतन गरेर राख्दछन् अनि न्यू इयर इभमा छिमेकीको दैलोमा लगेर फ्याँकिदिन्छन् । नयाँ वर्षको पहिलो बिहानीमा आफ्नो ढोका बाहिर टुटेफुटेका सरसामानहरु देख्न पाएमा सौभाग्य प्राप्त हुने विश्वास गरिन्छ । फिलिपिन्समा मानिसहरुहरु गोलो आकृतिलाई सौभाग्यको प्रतिक मान्दछन् । न्यू इयर इभमा १२ थरी फलफूल जम्मा पार्दछन् । हरेक फल एक महिनाको प्रतिक हुन्छ । १२ थरी फललाई टेबुलमा सजाइन्छ ।

यी १२ फलले वर्षका बाह्रै महिना समृद्धि ल्याउने विश्वास गरिन्छ । यी सबै फलहरु गोलो आकारका हुन्छन् । गोलो आकारका फल मात्र होइन मानिसहरु गोलो आकारका गहना पनि लगाउने गर्दछन् ।

### ३० करोडको औँठी



अलेक्सा डेल वास्तवमा कुनै राजकुमारी भन्दा कम छैनिन् र उनी छिटै रियल स्टेट धनाढ्य हेरिसन रेफिओसँग बिहे गर्दैछिन् ।

विश्वको अग्रणी कम्प्युटर कम्पनी डेलका मालिक माइकल डेलकी छोरी हुन् अलेक्सा । माइकलको कुल सम्पत्ति २३ अर्ब ७० करोड डलर रहेको छ र उनी विश्वका अर्बपतिहरु को ३७ औं नम्बरमा पर्दछन् । उनकी छोरी अलेक्सा आफैपनि एक व्यवसाय विकास रणनीतिज्ञको रुपमा एउटा कम्पनीमा पछिल्लो ४ वर्षदेखि काम गरिरहेकी छिन् । यिनै अलेक्साको रियल स्टेट धनाढ्य तथा उनका ब्वायफ्रेण्ड हेरिसनसँग इन्गेजमेन्ट भएको छ ।

आखिर दुई अर्वपतिका छोराछोरीबीचको इन्गेजमेन्ट चानचुने हुने कुरा भएन । इन्गेजमेन्टमा आफ्नो हुनेवाला लोग्नेले विशेष औँठी ल्याउँछन् भन्ने त अलेक्सालाई अनुमान थियो । तर यतिधेरै महंगो ल्याउलान् भन्ने कल्पना सायद गरेकी थिइनन् । हेरिसनले क्रिसमसको दुईदिनपछि हवाईटापुको कोना तटीय क्षेत्रमा रहेको एक होटलमा भव्य समारोहबीच अलेक्सालाई बहुमूल्य औँठी लगाइदिएर इन्गेजमेन्ट गरेका छन् ।

उक्त औठीमा १२ क्यारेटका निकै सुन्दर तथा बहूमूल्य हिरा जडित थियो । हिराजडित उक्त औँठीको मूल्य तिस लाख डलर पर्दछ । अलेक्साले आफ्नो हुनेवाला लोग्नेले इन्गेजमेन्टमा दिएको त्यो शानदार औँठीलाई सोसल मिडियाबाट सार्वजनिक गरेकी छिन् । अलेक्साको उमेर २४ वर्ष छ भने हेरिसनको उमेर ४० वर्ष पुगिसकेको छ । अलेक्सा आफ्नो आमाबुवाको च्यारिटी संस्थामा पनि काम गर्दछिन् र लक्जरी लाइफ बिताउने बानी उनलाई परिसकेको छ । उनी सोसल मिडियामा पनि निकै सक्रिय छिन् । २० वर्षकी छँदा उनले सोसल साइट टिन्डरका सिइओसँग डेट गरिसकेकी छिन् । उता हेरिसन भने लो प्रोफाइलमै रहन रुचाउँछन् । हेरिसन पछिल्लो पटक तब चर्चामा आएका थिए जब उनले हलिउडमा रहेको आफ्नो एक बहुमूल्य अपार्टमेन्टमा भाडामा बस्ने क्रममा क्षति पूराइदिएको आरोपमा बेलायती गायिका तथा अभिनेतृ केली ओसबोर्न विरुद्ध मुद्दा हाले ।

### मृत्युसँग खेल

यो बाटो यति खतरनाक छ की धेरैलाई त्यहाँ जानसक्ने कुराको कल्पना त परै जाओस् देख्दैमा डर लाग्दछ । यसलाई मृत्युको बाटो भनेर पनि चिनिन्छ । यहाँ एउटा सानो गल्तीले सिधै मृत्युको मुखमा पूराउँदछ । तर कोही मानिसहरु मृत्युसँग खेल्न रुचाउँछन् । त्यसैले उक्त बाटोमा पैठेजोरी खेल्न पुग्दछन् । नाक ठोक्किने ठाडो चट्टानी पहाडमा काठ तथा फलामका स साना पाता तथा डण्डीहरु जोडेर मान्छे हिड्ने बाटो बनाइएको छ । उक्त बाटोमा हिड्ने हिम्मत कमजोर मुटु भएकाले निकाल्न सक्दैन । पहाडको खोँचभन्दा हजारौं फिट माथिको त्यो त्रासदीपूर्ण बाटो चीनमा रहेको छ । चीनको हुसान पर्वत श्रृंखला अन्तरगतका पाँचवटा पर्वत मध्ये सबैभन्दा अग्लो चुचुरोमा यो त्रासद मार्ग रहेको छ । निकै डरलाग्दो हुनुका बाजबुत यो बाटो साहसिक पर्यटनका लागि निकै आकर्षक गन्तव्य बनिरहेको छ । यो बाटो ७ हजार ८७ फिट उचाईमा रहेको छ । जानकारहरुका अनुसार परापूर्व कालमा यस पर्वतमा धेरै ताओ धर्माबलम्बीका मन्दिर रहेका थिए । त्यसैले सन्यासी तथा पुजारीहरुले आफ्नो सुविधाका लागि सिँढीहरु बनाए । पछि त्यहाँ पर्यटक पनि आउन थाले ।

### छोरी जन्माउनेलाई ८ लाख

परम्परागत समाजमा छोरा र छोरीबीच अझै पनि भेदभाव छ । समाजले छोरीलाई हेयको दृष्टिले हेर्ने चलन अझै पूरै हटेको छैन । यहीँ विभेदको मानसिकतालाई चिर्नका लागि एउटा अनौठो उपाय अबलम्बन गरेको छ सरकारले । जस अनुसार सन् २०१८ देखि अस्पतालमा जन्मिने हरेक बालिकाका बुवाआमाले ८ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । यो समाचार छिमेकी मुलुक भारतको कर्नाटक राज्यस्थित बीबीएमपी अस्पतालको हो । त्यहाँ आगामी जनवरी १ देखि जन्मिने हरेक छोरीका अभिभावकले प्रोत्साहन स्वरुप ५ लाख भारु पुरस्कार पाउनेछन् । अस्पतालले त्यहाँ जन्मिने छोरीहरुको शिक्षादीक्षामा सहयोग पुगोस् भनेर छोरी जन्मिँदा प्रोत्साहन पुरस्कार दिने घोषणा गरेको हो । उक्त पुरस्कार रकम अस्पतालका आयुक्त तथा जन्मिने बालिकाको संयुक्त बैंक खातामा जम्मा गरिनेछ । उक्त रकमलाई बालिका स्कुल पढ्न जाने उमेरकी भएसँगै उनको शिक्षामा खर्च गरिनेछ ।

### थ्री डी टाटू

अहिले टाटू बनाउनु एक ट्रेण्ड नै बनेको छ । तर कतिपय मानिसले यसलाई अलग ढंगले बनाउँदछन् । कतिपयले यस्ता टाटु बनाउँछन् की त्यसलाई देख्दा हामीलाई ठम्याउनै गाह्रो हुन्छ की त्यो टाटु हो वा अरु नै उपद्रो । थ्री डी टेक्नोलोजीको सहायताले सरीरमा विशेष खालको मसी प्रयोग गरी अनौठा टाटू बनाउने ट्रेण्ड सुरु भएको छ । यस्ता टाटू साँच्चीकै तर्साउने खालका समेत हुने गरेका छन् । टाटू आर्टिस्टले यस्तो टाटू समेत बनाउन सफल भएका छन्, मानौं मानिसको जिउमा उनीहरुले कोटमै जस्तै टाँक लगाइदिएका छन् । त्यस्तै टाउकामा इँटा नै जमाएजस्तो गरी समेत टाटू खोपिदिन्छन् । घुँडा चर्किएजस्तो तथा तथा पिठ्यूँमा आँखा पलाएजस्तो टाटू बनाउने क्रम पनि बढेको छ । हेरौं हेर्दैमा तिरिमिरी पार्ने केही थ्री डी टाटूहरु

### बाबु–छोरीबीच बिहे

बुवा र छोरीबीचको नाता संसारमा निकै पवित्र नाता हो । बुवा र छोरीबीच बिहे हुने कुरा त हामीले कल्पना पनि गर्न सक्दैनौं र यसो गर्नुलाई पाप ठान्छौं । तर हामीले पाप ठान्ने यहीं सम्बन्ध दुनियाको एउटा समुदायमा चाहीँ प्रचलित छ । यो समुदायमा छोरीहरुलाई सानै उमेरमै आफ्नै बुवासँग बिहे हुने कुरा बताइन्छ र आफ्नै बाउसँग बिहे भएको सपना देखाइन्छ । बाल्यकाल देखिनै यस्तो कुरा सुनेर हुर्किएका छोरीहरुले जान्ने भैसक्दासम्म आफ्नो बुवालाई नै लोग्ने स्विकार्ने अवस्थामा पुगिसकेका हुन्छन् मानसिक रुपमा । बंगलादेशमा बस्ने आदिवासी समुदायमा यो प्रथा प्रचलित छ । त्यहाँको मण्डी जातिमा बाउले छोरीसँग बिहे गर्ने कुप्रथा रहेको छ । *अनलाइन खबरबाट*

प्रेरक

## सफलताको सुत्र



भारतीय सन्त स्वामी विवेकानन्द एकपटक अमेरिकामा एउटा नदीको किनारमा टहलिंदै थिए । त्यहाँको शान्तवातावरणमा उनी स्वच्छ वायु ग्रहण गर्दै नदीको स्वच्छता देखेर मुग्ध भइरहेका थिए । त्यसरी टहलिँदा उनमा अपूर्व जोस, जाँगर र उत्साह पैदा भइरहेको थियो । नदी किनारमा टहलिँदै टहलिँदै उनले त्यहाँ एउटा अनौठो दृश्य देखे । त्यहाँ केही युवक एउटा पुलमा उभिएर तैरिरहेका अन्डाका बोक्रालाई गोलीको निसाना बनाउने कोसिस गरिरहेका थिए, तर सफल हुन सकिरहेका थिएनन् । यो सब देख्दा स्वामीको ओठमा मुस्कान आयो ।

स्वामीजी मुस्कुराएको देखेर एक युवकले रिसाउँदै भन्यो- यो काम यति सजिलो छैन, जति सजिलो तपाईंलाई लागिरहेको छ महाशय । तपाईं पनि यसमा निशाना लगाएर हेर्नोस् । अनि बुझ्नु हुनेछ यो काम कति कठिन छ भनेर ।' ती युवकको कुरा सुनेर स्वामी विवेकानन्दले बन्दुक समाए र एक एक गरी १२ वटा अन्डाका बोक्रालाई गोलीको निसाना बनाए । उनको त्यस्तो अचुक निसाना देख्दा युवकहरु चकित परे । तिनले सोचे यी स्वामीले अवश्यै धेरै दिनदेखि बन्दुक चलाइरहेका थिए होलान् । तब त यिनको निसाना यति अचुक थियो । उनीहरुमध्ये एकले भने पनि- तपाईंले लामो समयदेखि यसरी गोली चलाउन अभ्यास गर्नु भएको थियो होला । अनि त यसरी निसाना लगाउन सफल हुनुभयो नि । तर हामी त भर्खरै सिक्दैछौं । त्यसैले हाम्रा लागि यो कटिन सावित भयो ।

ती युवकको कुरा सुनिसकेपछि स्वामीजीले भने- बन्दुक चलाउने अभ्यासको त कुरै छोड, आजसम्म मैले बन्दुक समातेको समेत छैन । उनको कुरा पत्याउन युवकलाई कठिन भयो । उनीहरुले अविश्वास देखाएपछि स्वामीले भने- हेर कुनै पनि विषयमा सफलता पाउन मनको संयम एकाग्रता सबभन्दा बढी आवश्यक छ । यदि तिमीहरुले पनि संयम र एकाग्रतापूर्वक प्रयास गरेको भए अवश्य सफलता पाउने थियौ । त्यसैले जे गर्छौ त्यसमा संयम र एकाग्रतापूर्वक लागि पर । सफलता तिम्रो पाउमै आइपुग्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

### बृष

वचन पुऱ्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले सहयोगीहरू टाढिन सक्छन् । अर्थ अभावले काम रोकिने सम्भावना छ । विगतको श्रमबाट भने लाभ हुनेछ । आक्षेप लगाउनेहरूले दुःख देलान् । मानसम्मानमा आघात पुग्न सक्छ । तापनि, शुभचिन्तकहरूको माध्यमबाट स्थितिमा सुधार आउनेछ ।

### मिथुन

विभिन्न अवसर प्राप्त भए पनि आफ्नै कमजोरीले पछि परिनेछ । व्यवहारमा केही चुनौतीहरू देखा पर्नेछन् भने विशेष योजना स्थगित हुन सक्छ । आफ्नो क्षेत्रमा अरूले अधिकार जमाउन सक्छन् । खानपान र भेटघाटमा अलमलिनाले चिताएका काममा बाधा उत्पन्न होला । तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा हुने काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

### कर्कट

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । केही मात्रामा खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । कुनै पनि काम गर्दा होसियारी रहनु राम्रो होला ।

### सिंह

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट मनग्गे नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ ।

### कन्या

मिहिनेतले नयाँ जिम्मेवारी दिलाउनेछ । तारिफयोग्य कामको चर्चा हुनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । तर अरूका काममा समेत समय खर्चनुपर्ला । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि आफ्ना काम रोकिन सक्छन् । परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

### तुला

सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ ।

### वृश्चिक

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । गोपनीयता बाहिरिनाले पनि काममा समस्या आइपर्ला । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । समय नदिंदा योजना अधुरै रहनेछ ।

### धनु

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । काम बन्नुका साथै धनलाभ हुनेछ । बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ । तर अधैर्य व्यवहारले आत्मसम्मानमा आघात पुर्याउन सक्छ, सजग रहनुहोला ।

### मकर

स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । इर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउन सक्छन् । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।

### कुम्भ

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

### मीन


अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । तापनि, साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

## नाम जुराउन सकस



शुक्रवारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'फिर्के' को नाम जुराउन पनि निर्माता तथा कलाकार सुलेमान शंकर 'ईकु' लाई राम्रै सकस परेको थियो । कथा तयार भए पनि उनलाई 'क्याची' नाम राख्न महिनौं लाग्यो । अन्ततः उनले कथा अनुसारकै फिल्मको नाम भेटे 'फिर्के' । फिल्मले गाउँबाट शहर पसेको एक युवकको कथा बोल्छ । यो फिल्मका निर्देशक रवि डंगोल 'बेमान' हुन् । फिल्ममा अर्पण थापा, सुलेमान शंकर, ऋचा शर्मा, क्रिष्टिना पौडेल, बिष्णु सापकोटा, अर्जुन गुरुङ, उज्ज्वल भण्डारी, पुरन थापा लगायतका कलाकारहरुको अभिनय रहेको छ । फिल्ममा अभिमन्यू निरबीको लेखन रहेको छ । अष्ट महर्जनको द्वन्द्व निर्देशन रहेको 'फिर्के'मा मित्र डि. गुरुङको सम्पादन तथा राम कुमार केसीको छायांकन रहेको छ ।

## आमा बन्दै नीशा



२०१८ को सुरुवातसँगै नायिका नीशाले आफ्ना फ्यानमाझ खुसीको खबर साटेकी छिन् । नेपाली क्रिकेट टोलीका चर्चित खेलाडी शरद भेषवाकरसँग यसै वर्ष लगनगाँठो कसेकी नीशा आमा बन्दैछिन् । नीशाले यो खुलासा सोमवार आफ्नो आधिकारीक फेसबुकमा तस्विर र स्टाटस लेख्दै गरेकी हुन् । उनले आफ्नो पेटमा पाँच महिनाको बच्चा रहेको जानकारी दिँदै एक हातले आफ्नो पेटमा छोएको तस्बिर पोस्ट गरेकी छिन् । उनको स्टाटसमा बैंकर अनिलकेशरी शाह, स्क्रिप्ट राईटर शान बस्नेत, नायक मुकेश आचार्य, निर्देशक प्रशन्न पौडेलसँगै नीशालाई उनका फ्यान र शुभचिन्तकले पनि बधाइको ओइरो लगाएका छन् । यसरी आफू गर्भवती भएको भनेर तस्विर शेयर विशेष गरी हलिउड र बलिउडका सेलिब्रेटीले मात्र गरेको देखिन्छ । निर्मात्री तथा अभिनेत्री अधिकारीले पनि यही ट्रेन्डलाई पछ्याउने काम गरेकी छिन् । हाल अमेरिकामा रहेकी नीशाले मंसिर १ गते प्रदर्शनमा आएको फिल्म 'झ्यानाकुटी' निर्माण गरेकी थिइन् ।

## "उल्झन" को फस्ट लुक




अंग्रेजी नयाँ वर्षको अवसर पारेर फिल्म 'उल्झन'को फस्ट लुक पोष्टर सार्वजनिक भएको छ । फर्स्टलुकमा फिल्मका तीन मुख्य पात्रलाई फोकस गरिएको छ । नायक ध्रुव दत्त, नायिका रजनी के.सी र अर्का नायक बेनी ढुंगाना मात्र पोष्टरमा अटेका छन् । फिल्मको युरोप प्रदर्शनको तयारीका लागि निर्देशक राजु अधिकारी यतिबेला युरोपमा छन् । 'उल्झन' जनवरी र फेब्रुअरीमा युरोप र लण्डनमा प्रदर्शन हुनेछ । फिल्मको नेपाल प्रदर्शन मिति चैत्र २ गतेलाई कन्फर्म गरिएको छ । तेजेन्द्र कंडेल प्रस्तुतकर्ता रहेको फिल्ममा नारायण ढुंगाना, नबिन अधिकारी र हरिकृष्ण कार्की निर्माता रहेका छन् । 'उल्झन'ले युरोपमा रहेका नेपालीहरुको संघर्षको कथा बोल्छ ।

## "ए सोल्टिनी" को पोष्टर र ट्रेलर




निमा लामाले निर्देशन गरेको चलचित्र 'ए सोल्टिनी'को पोष्टर, गीत र ट्रेलर सार्वजनिक गरिएको छ । दिलकुमार घलानको निर्देशनमा तयार भउको चलचित्रमा सविन श्रेष्ठ, अर्जुन गुरुङ, जयनन्द लामा, मन्जु श्रेष्ठ लगायतका कलाकारको मुख्य भूमिका छ । चलचित्रको कार्यक्रममा निर्देशक निमा, निर्माता दिलकुमार, अभिनेता सबिन,अर्जुन, द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठ, ज्ञानबहादुरलगायतले संयुक्त रुपमा ए सोल्टिनीको पोस्टर सार्वजनीक गरेका थिए । निर्माता दिलकुमारले ए सोल्टिनी पहिला बिभिन्न देशमा बिशेष शो गरिने र त्यसपछि मात्रै नेपालमा प्रदर्शन गरिने जानकारी दिए । नायक सबिनले ए सोल्टिनी मिठो चलचित्र बनेकाले दर्शकले मन पराउनेमा आफू बिश्वस्त भएको बताए । उनले फिल्मको कथा मन परेकाले अभिनय गरेको बताउदै नयाँ टिमसँग काम गर्दा बेग्लै अनुभव भएको सुनँए । काठमाण्डौ वरिपरि खिचीएको चलचित्रको प्रस्तुतकर्तामा पूर्णी तामाङ छिन् । चलचित्रको ट्रेलरमा कमेडी र प्रेमलाई देखाइएको छ ।आरती अधिकारीको कथा, मौनता श्रेष्ठको पटकथा रहेको छ ।

*(एजेन्सीहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Venerate = सम्मान गर्नु, Even in modern time, the spritual leaders are venerated (आधुनिक जमानामा पनि आध्यात्मिक नेताहरूलाई ठूलो सम्मान दिइन्छ)

Warranted = आधिकारिक, वैध This action of the government can not be warranted unless agreed by lagislature (विधायिकाले अनुमोदन नगरुञ्जेल सरकारको यो कार्य वैध हुन सक्तैन)

Yen = आकांक्षा, My son have always had a yen to go to America to study (मेरो छोराले सधैं अमेरिका गएर पढ्ने आकांक्षा राख्दथ्यो)

Zenith = उच्च स्थान वा बिनदु Although he was brilliant and hard working, he could not reach the zenith of his career (जेहेन्दार र परिश्रमी हुँदाहुँदै पनि उसले आफ्नो वृत्ति विकास गर्न सकेन)

Abeyance = स्थगन गर्नु, The discussion was held in abeyance until his arrival ( उसको आगमन नहुञ्जेलसम्म छलफलको कार्यलाई स्थगन गरियो)

Belie = भ्रम पारिदिनु, His cheerful manner always belies his seriousness (उसको सधैं खुसी जस्तो देखिने प्रवृत्तिले गर्दा उनी गम्भीर होलान् भन्ने कुरामा सबैलाई भ्रम छ)

Capricious = भन्नै नसकिने किसिमको, She is so capricious that she changes the idea as she changes cloths (उनको विचारधाराको बारेमा ठोकेर यसै हो भन्न सकिन्न किनकि तिनी लुगा बदलेझैं गरी विचार परिवर्तन गरिरहन्छिन्)

Decorum = औपचारिक व्यवहार, She is a model of decorum when she has guest at home (घरमा पाहुना हुँदा गर्नुपर्ने औपचारिक व्यवहारका लागि तिनी नमुनै छिन्)

Eclectic = छनौटपूर्ण, उपयुक्त, सुसज्जित The interior decoration that she has is eclectic ( तिनको घरभित्रको साजसज्जा ज्यादै सुसज्जित छ)

Fallacious = भ्रमपूर्ण, The notion that the wealth brings happiness is fallacious - धन नै सबै खुसीको स्रोत हो भन्ने तर्क भ्रमपूर्ण छ)

## सामान्य ज्ञान

मोटर राख्ने ठाउँलाई गेरेज भनिन्छ भने हवाईजहाज राख्ने ठाउँलाई के भनिन्छ ?
- हैगर

गैंडाको बच्चालाई के भनिन्छ ?
- केटो

विश्वमा सबभन्दा अग्लो ठाउँमा रहेको होटल कुन देशमा छ ?
- नेपाल

बेलायतको कुन बादशाहले अंग्रेजी बोल्न जान्दैनथे ?
- जर्ज प्रथम

विश्वमा सगरमाथा पुग्ने प्रथम महिला को हुन् ?
- जुन्कोताबेइ

पृथ्वीको तौल कति अनुमान गरिएको छ ?
- ६० करोड टन

विश्वको सबभन्दा ठूलो विमानस्थल कुन देशमा छ ?
- साउदी अरेबिया

अक्सिजनबिना सगरमाथा आरोहण गर्ने प्रथम महिला को हुन् र कुन देशकी हुन् ?
- हायरचि कावामरा र सोमी सुजुकी, जापान

विश्वमा सबभन्दा बढी उचाइमा रहेको भवनको नाम के हो र कहाँ छ ?
- केरो लुलेल्टो भवन, अर्जेन्टिना र चिलीबीच

विश्वको सबभन्दा पुरानो नाचघर कुन देशमा छ र त्यसको नाम के हो ?
- इटली, रेट्रो ओलम्पिक

विश्वमा सबभन्दा कम खर्चबाट बनाएको फिल्म कुन हो ?
- रेस्क्युड वाई रोवर कस्ड (लगभग ४० डलर)

विश्वको सबभन्दा अग्लो ३२१ मि.उचाइमा रहेको पुल कहाँ छ र त्यसको नाम के हो ?
- कोलोराडोमा रोयल जर्ज

विश्वको सबभन्दा ठूलो दरबार कुन देशमा छ र त्यसको नाम के हो ?
- इङ्ल्यान्ड, विन्डसर कस्टल (१४ एकड जमिन, ७००० कोठा)

विश्वको सबभन्दा ठूलो मनोरञ्जनको रंगशाला कहाँ छ र त्यसको नाम के हो ?
- फ्लोरोरिडामा, वाल्ट डिस्नी वर्ल्ड

# फरक थाहा पाउनुहोस्

Integration = एकाकार हुनु, मिसिनु National integration is possible when minorities have equal rights (यदि अल्पसंख्यकहरूले समान अवसर पाउँछन् भने मात्र भाबनात्मक राष्ट्रिय एकता सम्भव हुन्छ)

Segregation = छुट्ट्याउनु, बेग्लै राख्नु Doctor advised the segregation of cholera patients (डाक्टरले हैजाका बिरामीहरूलाई छुट्टै राख्ने सल्लाह दिए)

Intense = अति Intense cold barred him from going office (अति जाडोले उसलाई कार्यालय जानबाट रोक्यो)

Intensive = गहिरो Nowadays, he is busy in an intensive research आजकाल ऊ एक गहिरो अनुसन्धानमा ब्यस्त छ)

Inter = अन्तर, बीचमा International football tournament is known as world cup राष्ट्रहरूको बीचको फुटवलका प्रतिष्पर्धालाई वर्ल्डकप भनिन्छ

Intra = भित्रको Intra Europe Football tournament is known as Euro Cup युरोपभित्रको फुटवलको प्रतिष्पर्धालाई युरोकप भनिन्छ ।

Interject = थप्नु Let us interject another agenda in the meeting (बैठकमा अर्को विषयवस्तु थप गरौं)

Interpolate = घुसाउनु Someone has interpolated a passage in my article (मेरो लेखमा कसैले केही हरफहरू घुसाइदिएको छ)

Interpret = उल्था गर्नु, अर्थ लगाउनु I can not interpret what he means (उसको भनाइको के मतलव हो म उल्था गर्न सक्तिन)

Explain = व्याख्या गर्नु He could not explain well the theory of relativity (सापेक्षतावादको सिद्धान्तको उसले राम्रो व्याख्या गर्न सकेन)

## सुडोकु-अंक ८४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | | | | | | १ |
| | | ९ | | | ४ | | | ७ |
| ४ | १ | | | | ६ | | ३ | |
| ७ | ४ | ५ | ३ | | ८ | | | |
| | | १ | | | | ५ | | |
| | | | १ | | ५ | ९ | ८ | ४ |
| | ७ | | २ | | | | ५ | ६ |
| २ | | | ६ | | | ७ | | |
| ३ | | | | | | १ | | |

## अंक ८३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | १ | ६ | ३ | ९ | ४ | ५ | ८ |
| ८ | ४ | ३ | १ | ५ | ७ | ९ | २ | ६ |
| ९ | ५ | ६ | ४ | ८ | २ | ७ | ३ | १ |
| ६ | ७ | ९ | ५ | २ | ३ | ८ | १ | ४ |
| ५ | १ | ८ | ९ | ४ | ६ | ३ | ७ | २ |
| २ | ३ | ४ | ७ | १ | ८ | ६ | ९ | ५ |
| १ | ६ | ५ | ३ | ७ | ४ | २ | ८ | ९ |
| ३ | ९ | २ | ८ | ६ | ५ | १ | ४ | ७ |
| ४ | ८ | ७ | २ | ९ | १ | ५ | ६ | ३ |

# बालबालिकालाई स्वेटर वितरण गरेका केही झलकहरु


















## छात्रवृत्ति कार्यक्रम अर्न्तगतका बालबालिकालाई स्वेटर वितरण



बाल विकास समाजले छात्रवृत्ति कार्यक्रम अन्तर्गत विपन्न वर्गका परिवारका तथा विविध खाले सुविधाबाट वञ्चित बालबालिकाहरुलाई औपचारिक शिक्षाको अवसर प्रदान गर्नका निमित्त आंसिक तथा निरन्तर छात्रवृत्ति सहयोग उपलब्ध गराइन्छ । सबै बालबालिकाहरुलाई शैक्षिक अधिकारको प्रत्याभूत सहित शिक्षाको पूर्ण अवसर दिनु राज्यको दायित्व हो । तथापि राज्यले आफ्नो दायित्व सही रुपमा पूरा गर्न सकिराखेको अवस्था छैन ।

यसै परिपेक्ष्यमा उक्त कार्यलाई टेवा पुऱ्याउँदै अभिभावकलाई सही अभिभावकत्व वहनप्रति सशक्तिकरण गराउने र बालबालिकाहरुलाई शैक्षिक अवसर दिने उद्देश्यले यस समाजले वि.स.२०५४ सालदेखि औपचारिक शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको हो । “सबैका लागि शिक्षा” भन्ने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउने लक्ष्य संस्थाले लिएको छ । छात्रवृत्ति कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०७४ मा २ वटा जिल्लाका १४वटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने ११७ जना विपन्न वर्गका बालबालिकाहरुले औचारिक शिक्षा हासिल गर्ने अवसर पाइराखेका छन् । हाल यस कार्यक्रममा ५४ जना छात्रबृत्ति प्रदायकहरु रहेका छन् ।

छात्रबृत्तिको लागि बालबालिका छनौट प्रकृयाको लागि विद्यालयसंग समन्वय गर्ने बालबालिका छनौटको लागि विद्यालयलाई पत्रचार गर्ने छात्रवृत्तिका लागि बालबालिकाहरुको नाम संकलन गर्ने सिफारीस आएका बालबालिका तथा उनिहरुको अभिभावकसंग अर्न्तकृया सिफारीस आएका बालबालिका कार्यक्रमको लक्षित समुहमा पर्ने वा नपर्ने जानकारीको लागि घरदैलो गर्ने कार्यक्रमको लक्षित समुह भित्र परेमा बालबालिका छनौट गर्ने छात्रबृत्ति प्रदायक अनुसार बालबालिका छनौट गर्ने । बालबालिकाको परिवारको बिस्तृत विवरण खुल्ने गरी फाराम भर्ने बालबालिकालाई बिद्यालय भर्ना गर्ने बालबालिकालाई शैक्षिक सामग्री वितरण बालबालिका नियमीत बिद्यालय गए नगएको अनुगमन गर्ने बालबालिकाको त्रैमासिक परिक्षाको नतिजा संकलन गरी छात्रबृत्ति प्रदायकलाई रिपोर्ट सहित पेश गर्ने बालबालिकाको प्रगति विवरण सहित केश स्टडी लेख्ने प्रत्येक ३ महिनामा अभिभावक भेला गरी बालबालिकाको पढाईको बारेमा र उनीहरुमा आएको परिबतनको बारेमा जानकारी दिने यस किसिमले प्रकृया पुऱ्याई छात्रबृत्तिको लागि बालबालिका छनौट गर्ने गरिन्छ ।

यसै क्रममा बाल विकास समाजले छात्रबृत्ति कार्यक्रम अर्न्तगत पुष १३ गते विहिबारका दिन काठमाण्डौ र भक्तपुरका १४ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ११७ जना बालबालिकालाई विद्यालयको स्वेटर वितरण कार्यक्रम सम्पन्न गरीयो । जसमा बाल विकास समाजका अध्यक्ष कार्य समितीका सदस्यहरु, आजिवन सदस्य लगायत अन्य छात्रबृत्ति प्रदायकहरु जस्तै हिमालय हेल्थ इनिसेटिभका अध्यक्ष डा.लोब्साङ्ग लुङ्गेज्युको पनि उपस्थिती रहेको थियो । हिमालय हेल्थ इनिसेटिभले बाल विकास समाजको भवनमा संचालन भईरहेको मातृशिशु क्लिनिकको लागि र छात्रबृत्ति कार्यक्रम अर्न्तगत १५ जना बालबालिकालाई छात्रबृत्ति प्रदान गरिरहेको छ ।

कार्यक्रम संचालन बाल विकास समाजका कार्यक्रम व्यबस्थापक प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रमको शुरुमा उपस्थित छात्रबृत्ति प्रदायक तथा बाल विकासका कार्य समितीका सबैलाई आसन ग्रहण गराईयो आसन ग्रहण पश्चात बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापाले उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रमको बारेमा प्रष्ट पार्नु भयो साथै वहाँले बाल विकास समाजले संचालन गर्दै आएको छात्रबृत्ति कार्यक्रमको बारेमा पनि प्रष्ट पार्नु भयो । कार्यक्रममा हिमालय हेल्थ ईनिसेटिभका अध्ययक्ष डा.लोब्साङ्ग लुङ्गेज्युले आफ्नो मन्तब्य राख्दै बाल विकास समाज एउटा ईमान्दारी संस्था रहेको र यस्तो संस्थासंग सहकार्य गर्न पाउँदा आफुहरुलाई खुसि लागेको र अझै पनि सहयोगी हातहरु जुटाएर बाल विकास समाजलाई सहयोग गर्ने कुरा पनि राख्नु भएको थियो ।

बाल विकास समाजको भवनमा संचालन भईरहेको मातृशिशु क्लिनिक प्रभावकारी रुपमा संचालन भईरहेको हुँदा आगामी दिनमा धादिङ्गमा पनि क्लिनिक संचालन गर्ने कुरा पनि राख्नु भएको थियो । स्वेटर वितरण कार्यक्रम बाल विकास समाजको भवनमा गरिएको थियो । स्वेटर वितरण विद्यालय अनुसार गरिएको थियो । पहिलो चरणमा बाल कुमारी नि मा वि का ५३ जना दोस्रो चरणमा श्री नवजागृत्ति मा वि का ११ जना तेस्रो चरणमा श्री जनकल्याण उ मा वि का १० जना र चौथो चरणमा बाकी रहेका विद्यालय जस्तै पाथीभरा प्रा वि का ८ जना श्रम राष्टिय माा वि का ७ जना ग्राम शिक्षा उ मा वि का २ आजाद मा वि १ जना तेज विनायक उ मा वि २ शान्ति निकेतन २ जना पद्म उ मा वि ३ जना अरुणोदय मा वि ५ जना श्री पशुपति मित्र उ मा वि ९ जना यज्ञमती मा वि ३ जना बाल उद्धारका १ जनालाई गरी जम्मा ११७ जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरियो । आफुले छात्रबृत्ति प्रदान गरेकाबालबालिकालाई स्वयम छात्रबृत्ति प्रदायकले आफ्नो हातबाट स्वेटर वितरण गर्नु भएको थियो । स्वेटर वितरण पश्चात छात्रबृत्ति प्रदायकले आफुले छात्रबृत्ति प्रदान गरेका बालबालिकासंग छुट्टाछुट्टै बसी अन्तरक्रिया गर्ने अवसर पनि मिलेको थियो ।

**प्रस्तुति : रन्जना गौतम**



## नयाँ शिराबाट...

फुयाल, रामचन्द्र गुप्ता, कृष्ण राना, शंकर पोखरेल, चन्द्रकान्त आचार्य, मानबहादुर शाही र के.स.परेकबहादुर रावलले आआफ्ना गतिविधि लगायतका विषयमा लिखित प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

विभिन्न जिल्लाबाट बैठकमा भाग लिन आउनुभएका केन्द्रीय कमिटी सदस्यहरुले बैठकमा गम्भीर ढंगले प्रस्तुत हुँदै आफूलाई चित्त नबुझेको विषयमा नेतृत्वको तीखो आलोचना समेत गर्नुभएको थियो । पार्टीलाई थप जीवन्त र गतिशील बनाउन पार्टीका विभिन्न कमिटीहरुको पुनर्गठन र सुदृढीकरण गरिने निर्णय भएको छ । नगरपालिका, गाउँपालिका, वडास्तर र टोलस्तरसम्म पार्टी कमिटी विस्तार गरी प्रशिक्षण सञ्चालन गर्ने र पार्टीको राष्ट्रिय परिषद्को अधिवेशन समेत आयोजना गर्ने निर्णय भएको छ । पार्टीको सञ्चार क्षेत्रलाई सुदृढ बनाउने साथै बैठकको अन्त्यमा पार्टीले केही महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरु समेत पारित गर्ने भएको छ ।

## मूल्यवृद्धि...

गरिएको मूल्यवृद्धि तत्काल खारेज गर्न माग गर्दै विद्यार्थी संगठनले निगमको ध्यानाकर्षण गराउन ज्ञापनपत्र बुझाएका छन् । मूल्यवृद्धि तत्काल फिर्ता नलिए आन्दोलन थप चर्किने जानकारी अखिल क्रान्तिकारीका नेता रञ्जित तामाङले दिएका छन् । ज्ञापनपत्र बुझाउने क्रममा विद्यार्थी प्रदर्शनकारी र प्रहरीबीच सामान्य झडप समेत भएको थियो ।

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि समायोजन नगर्दा ठूलो घाटा व्यहोर्नुपर्ने कारण देखाई मूल्यवृद्धि गरेको बताउँदै आएको छ ।

## अन्तर्राष्ट्रिय...

धर्मलाई समान दृष्टिकोण अपनाएकाले नेपालमा धार्मिक सहिष्णुता रहेको बताउनुभयो ।

सम्मेलनमा भाग लिन भारत, चीन, थाइल्यान्ड, श्रीलंका, जापान, कोरिया लगायत ५० भन्दा बढी देशबाट बौद्ध भिक्षुहरु सहभागी रहेका छन् । सम्मेलन तीन दिनसम्म चल्नेछ ।

## नेगासको...

सभामा निवर्तमान अध्यक्ष डा. रोशाना श्रेष्ठले नेगासले जर्मन एकेडेमिक एक्सचेञ्ज सर्भिस (डाड) को सहयोगमा नेगासले गत जुलाई महिनामा सम्पन्न गरेको वातावरण र बसाइँसराइसम्बन्धी सेमिनारबारे प्रकाश पार्नुभयो । नेगासका संस्थापक अध्यक्ष प्रा. डा. चन्दबहादुर जोशीले नेगासले विगतमा प्राप्त गरेका उपलब्धिबारे जानकारी गराउनुभयो । तत्पश्चात नेगासमा आवध्द नया सदस्यहरुलाई प्रमाणपत्र वितरण गरियो । सोही अवसरमा कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले नेगास जर्नल २०१७ को विमोचन गर्नुभयो । जर्नल विमोचनपश्चात् मन्तव्य राख्दै प्रमुख अतिथि बाँस्कोटाले नेपाल र जर्मनीबीच प्राज्ञिक स्तरमा द्विपक्षीय सम्बन्धको विकास गर्ने कार्यमा नेगासले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो ।

उहाँले नेपालको सामाजिक आर्थिक विकासमा जर्मनीले पुऱ्याएको महत्वपूर्ण योगदानबारे समेत प्रकाश पार्नुभयो । त्यसअघि जर्नलका प्रधान सम्पादक तथा नेगासका कार्यकारी सदस्य सन्ध्या रेग्मीले मन्तव्य राख्दै जर्नलमा समावेश गरिएका अन्तर्वार्ता, लेख र समाचारबारे प्रकाश पार्नुभयो । सभाको अन्त्यमा अध्यक्ष ढकालले सभा सफलताका साथ सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

## सिलवालविरुद्ध...

असन्तुष्ट भई आफ्नो पदबाट राजीनामा दिएका थिए । देउवा सरकार र सर्वोच्च अदालतले समेत उनको खेदो नै गऱ्यो । विभिन्न निउँ झिकी पक्राउ पुर्जी काट्ने काम गरिरहेको छ । आखिर सरकार र अदालत उनीविरुद्ध यसरी नांगो रुपमा उत्रिनुको रहस्य के हो बुझ्न गाह्रो भएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा जनताबाट चुनिएका सिलवालविरुद्ध उत्रिएर प्रहरी प्रशासनलाई सिलवालविरुद्ध प्रयोग गरेको देख्दा पञ्चायती राजको झल्को आइरहेको छ । प्रसंग बढुवा प्रकरणको हो । जुन प्रकरणका लागि मुद्दा उठाइएको थियो, त्यो प्रकरण उनको राजीनामासँगै समाप्त भएर गएको छ । आम निर्वाचनपछि फेरिएको राजनीतिक परिदृश्यमा आगामी बन्ने सरकारको गृहमन्त्रीको चर्चामा रहेका सिलवाललाई सो पदमा जानबाट रोक्ने उद्देश्यले नै प्रम देउवाद्वारा वर्तमान नाटक मञ्चन भइरहेको र यसमा प्रहरी संगठनको व्यापक दुरुपयोग भइरहेको छ ।

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले चुनावी भाषणका दौरानमा सिलवाललाई भावी गृहमन्त्रीको रुपमा घोषणा गरिसकेका छन् । जनताबाट अनुमोदित भएर सांसद बनिसकेका सिलवालविरुद्ध राज्यले यस प्रकारको प्रतिशोधात्मक कारबाही सुरु गर्दा कांग्रेसको गिरेको साख अझ गिर्ने विश्लेषण राजनीतिक वृत्तमा चलिरहेको छ ।

लोकतन्त्रमा व्यक्तिविरुद्ध राज्य व्यवस्था कहिले पनि पूर्वाग्रही र पक्षपाती रहँदैन तर नेपालमा सिलवालविरुद्ध वर्तमान सरकार पूर्णरुपमा पूर्वाग्रही भएर कारबाही अघि बढाउँदा यस्ता गलत अभ्यासले भोलि पुनः अन्य घटनाहरु दोहोरिन सक्छन् र त्यसबेला जोकोही पनि राज्य व्यवस्थाको कोपभाजनको सिकार बन्न सक्छ । हुन त विगतमा पनि देउवा सरकारले निर्लज्ज ढंगले लोकमानलाई बोकेको र सुशीलालाई महाभियोग समेत नलगाएको होइन । देउवाको यस्ता कदमकै कारण ठूलो इतिहास बोकेको नेपाली कांग्रेस क्रमशः इतिहासका पानामा मात्र सीमित रहने सम्भावना बढ्दैछ । तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग लगाउन र फिर्ता गर्ने प्रकरणसम्म जोडिन पुगेको यो प्रकरणमा यदि सिलवालले सफाइ पाएको खण्डमा अहिलेको सर्वोच्च अदालतको नेतृत्वसहित प्रधानमन्त्री शेरबहादुर देउवामाथि प्रश्न उठ्नेछ ।

## जाडोले...

महाशाखाले जनाएको छ । यसअघि बुधबार काठमाडौंको न्यूनतम तापक्रम २ दशमलव २ डिग्रीसेल्सियस थियो । काठमाडौं उपत्यकासहित देशैभर चिसो बढेको मौसमविद् शान्ति कँडेलले जानकारी दिइन् । उनका अनुसार चिसो अझै बढ्ने छ । बुधबारको तुलनामा अझ झनै चिसो बढेको छ ।

उता न्यानो ठाउँ भनेर चिनिँदै आएको तराई मधेसका सबैजसो जिल्लाहरुमा सीतलहरको प्रभाव परेको छ । आज सबैभन्दा कम जुम्लामा ऋणात्मक ९ माइनस ०.६ दशमलव ५ र सबैभन्दा बढी विराटनगरमा १० डिग्री सेल्सियस छ । घाम नलाग्ने बाक्लो हुस्सुले वातावरण ढाक्ने र सीत पर्ने गर्नाले जाडो असाध्य बढेको छ । सीतलहर र तुवाँलोका कारण हवाई उड्यानहरु समेत प्रभावित भइरहेका छन् । तराईमा बढेको सीतलहरबाट जोगिने सचेतना जगाउन सूचना विभागले समेत सञ्चारमाध्यमहरुलाई प्रचारसामग्री उपलब्ध गराएको छ । जाडोबाट बच्न बालिने दाउरा, प्लास्टिक, पराल, गुइँठा जस्ता कुराले थप वायु प्रदूषण बढाउने वतावरणविदहरु बताउँछन् । तर न्यानो लुगा र जाडोबाट बच्ने आवश्यक सामग्रीको अभाव झेलेका जनतालाई आगो ताप्नुको विकल्प छैन । तराईका कतिपय गाउँपालिकाहरुले चोक, चोकमा आगो ताप्न दाउरा वितरण गरेको खबर पनि प्राप्त भएका छन् ।

यसैबीच जाडोका कारण आगो ताप्ने क्रममा कटहरी गाउँपालिका-५ बस्ने ३५ वर्षीय तेस्रो लिंगी आशा सरदारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## प्रचण्डको...

गरेको भन्दै माओवादी नेता कार्यकर्ताहरु ओलीले जनयुद्धको गरिमालाई स्वीकार गर्नुपर्ने बताउँछन् । त्यसो त निर्वाचनको नतिजाले सत्ताको चाबी जिम्मा लिने हैसियतमा पुगेको माओवादी नेता कार्यकर्ताहरु उकीकरण कथमकदापि भाँडिए पनि ठूलो टाउको दुखाइ नहुने मनस्थितिमा देखिन्छन् । कतिपय माओवादीका तल्लो तहका नेता कार्यकर्ताका फेसबुक लगायत सामाजिक सञ्जालका कमेन्टहरु हेर्दा 'मिले अध्यक्ष नमिले प्रधानमन्त्री' लेखेर एकता नभएमा पनि खासै फरक नपर्ने सन्देश दिन खोजेको देखिन्छ । माओवादीभित्र जनार्दन शर्मा एकताको कसरतमा लाग्ने अग्रणी नेतामा दरिएका छन् भने कृष्णबहादुर महरा, वर्षमान पुन लगायत एकताप्रति सन्तुष्ट देखिँदैनन् । यद्यपि ओली नेतृत्वको सरकारमा सहभागी हुँदा वर्षमान पुनले माओवादी टिमको नेतृत्व गर्ने सम्भावना रहेको माओवादी स्रोतले बताएको छ ।

अहिले बिरामी परी आराम गरिरहेका केपी ओली सञ्चो हुनेबित्तिकै एकता प्रक्रियाले गति लिने र एकताको टुंगो चाँडो लगाइने कुरा दुवैतर्फका नेताहरु बताउँछन् । एकीकरणको लागि एमाले वरिष्ठ नेता माधवकुमार नेपालले आफू जुनसुकै भूमिकामा रहन तयार रहेको भन्दै नेतृत्वमा सानो टिम रहने गरी एकताको गृहकार्य भइरहेको बताएका छन् ।

## तिर्ला...

गरेर टेलिया बाहिरिसकेको छ । अहिलेसम्म एनसेलले लाभकर वापत २३ अर्ब ५६ करोड रुपैयाँ तिरेको छ । टेलियाले भने नेपालमा आफ्नो कर दायित्व नरहेको बताउदै आएको छ । २ वर्ष अगाडि टेलियाले ८० प्रतिशत सेयर बिक्री गरेर बाहिरिएको थियो ।

## मानवता...

खुला सिमानाका कारणले नेपालमा मानव बेचबिखन तथा ओसारपसार कार्य अपेक्षित रूपमा नियन्त्रित हुन सकेको छैन । यो मानवता विरुद्धको अपराधको रूपमा स्थापित यो समस्या प्रारम्भका दिनमा नेपाल र भारतबीच रहेको खुला सिमानाको कारण उत्पत्ति भएको मानिए तापनि हालका दिनहरूमा यस्तो अपराध वैदेशिक रोजगारीको नाममा खाडीलगायत विश्वका विभिन्न मुलुकसम्म फैलिएको छ । ती देशहरूमा अवैधानिक रूपमा यौन व्यापारका लागि नेपाली युवतीहरूको बेचबिखन हुने गरेको र यो क्रम प्रत्येक वर्ष बढ्दो अवस्थामा छ । अन्य क्षेत्रमा विश्वव्यापीकरण भए जस्तै मानव बेचबिखनको क्षेत्रमा समेत अपराधको प्रकृति, स्वरूप, तौरतरिकामा पनि भिन्नता आएको पाइन्छ र यो एउटा जटिल समस्याको रूपमा स्थापित भएको छ ।

मानव बेचबिखनको कार्यले मानवलाई सम्मानपूर्ण जिउन पाउने हकका साथै अन्य आधारभूत हक अधिकार उपभोग गर्नबाट वन्चित गर्दछ । यसले मानव जीवनलाई दासत्वमा परिणत गर्दछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नका लागि विद्यमान कानुनको उचित र प्रभावकारी कार्यान्वयन महत्वपूर्ण छ । अपराध गर्ने अभियुक्तहरूलाई सजाय दिलाउनका लागि यसमा संलग्न सबै साझेदारहरूको समन्वयबाट प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गरी अभियुक्तलाई सजाय दिलाउन सकेमा अपराध गर्ने व्यक्तिहरू निरुत्साहित हुन्छन् । यसका लागि मानव बेचबिखनको उत्पत्ति, मार्गस्थ, र गन्तव्य देशहरूका बीचमा समन्वय गरी प्रत्येक राष्ट्रको प्रयासका साथसाथै अन्तर सरकारी संगठित जिम्मेवारी आवश्यक हुन्छ ।

विश्वमा नै मानव बेचबिखन कार्य दिन प्रतिदिन बढिरहेको छ । यसको प्रकृति, स्वरूप र गन्तव्य समय कालअनुसार परिवर्तन हुँदै गएको पाइन्छ । यसलाई नियन्त्रण गर्न जनसचेतना जागृत गराउनुका साथै नियन्त्रण संयन्त्र बनाउनु पर्दछ । मानव बेचबिखनको कार्यबाट पीडितलाई पुनः सामाजिकीकरण र पुनर्स्थापना गर्न प्रभावकारी संयन्त्रको विकास गर्नुपर्दछ । यसले गर्दा पीडितले राहतको अनुभूति गर्नेछन् । अपराधलाई नियन्त्रण कडा सजायको व्यवस्था गर्नु मात्र पर्याप्त हुँदैन । यसका लागि अपराधको गुणस्तरीय अनुसन्धान र प्रभावकारी अभियोजन आवश्यक पर्दछ । पीडित मैत्री अनुसन्धान पद्धतिको अभावमा मानव बेचबिखन जस्तो मानवताविरुद्धको गम्भीर प्रकृतिको अपराधमा पीडितलाई न्याय तथा पीडकलाई सजाय दिलाउन कठिन हुन्छ । कानुन निर्माण हुनु मात्र पर्याप्त हुँदैन । मुद्दाको अभियोजन मात्र कानुनको उद्देश्य होइन । यसको लागि पीडितमुखी न्याय प्रणाली हुनुको साथै अनुसन्धान, अभियोजन तथा अदालतको सम्पूर्ण प्रक्रिया पीडितमैत्री हुनुपर्दछ ।

फौजदारी न्याय प्रशासनमा संलग्न निकायहरू अनुसन्धान गर्ने निकाय (प्रहरी), अभियोजन गर्ने निकाय (सरकारी वकिल), अदालत सबैको आ-आफ्नो ठाउँमा महत्वपूर्ण स्थान छ । सबैको आआफ्नो कार्य क्षेत्र र अधिकार तोकिएको छ । यद्यपि तीनै निकायहरूको काम एक अर्कासँग अन्तर्सम्बन्धित छन् । यी सबै निकायहरूबाट आआफ्नो कार्य स्वतन्त्र तथा अन्तर्सम्बन्धित रूपमा एक अर्का बीचमा समन्वय गर्दै गरिएको अवस्थामा मात्र अभियुक्तलाई सजाय र पीडितलाई न्याय दिलाउन सकिन्छ । जसबाट पीडितले आत्मसन्तुष्टि मात्र प्राप्त गर्दैनन् न्यायिक प्रक्रियाप्रति पनि उनीहरूको विश्वास बढ्न जान्छ । जसले कानुनी शासनको प्रत्याभूत हुन गई मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य मानवताविरोधी अपराधलाई न्यूनीकरण गर्न सक्छ ।

नियात्रा

# बेलायतको सेरोफेरो-८

**खोमदत बराल**

२०६८/०४/०१

आज साउन संक्रान्ति । लुतो फ्याक्ने दिन । तिउरेलाउने दिन । घान रोप्ने खेतीको मैजारेतिर लागेको समय । इलाम संम्झदै छु । इलामको पनि जीतपुर । घर देखि निकै टाडा बेसी आधाउची घान रोपी सकेपछि बेसीमा घाँस कमि हुन्छ । जोत्ने गोरुलाई नै घाँस पुगदैन । त्यसैले धेरै जसो गाई भैसी घर तिर ल्याइन्छ । पानी परेर बाटो विग्रेको हुन्छ । बर्षाभरी परेको पानी सबै बाटो भरी दौडिन्छ । मानिस नै हिड्न नहुने गरी विग्रेको हुन्छ । गाई भैसी पाडा बाच्छालाई अमु असजिलो हुन्छ । कोदालो काँधमा लगाएर बाटो बनाउँदै गाई बस्तु घरतिर अघि बढाउन कठिन नै पर्दथ्यो । यो अवस्थामा बेलायतमा घाम लाग्दैछ । यहँको चिसो माथि चमैता रक्सेको जस्तो छ । लेकाली चिसो साँची नतै चस्स चिसो हुन्छ । हिजोको पानी परेपछि को चिसोमा हिड्दा हात नै ठिहिऱ्याउने । कान चिसो भएर थाहा नपाउने अवस्था बनेको थियो । कस्तो मजाको चिसो । वास्तवमा यो यूरोप भन्ने ठाउँ चिसो भएकैले होला । ठण्डा मगजले सोचेमा समाधानको उपाय निस्कन्छ भन्छन् । यो चिसो ठाउँमा मगज सधैं ठण्डा नै हुँदो हो । अनि बुद्धि लागाएर अरुलाई शोषण गर्न पनि ढंग पुऱ्याएका होलान । आफूलाई शासन गर्न नै जन्म भएका सम्झदा हुनन् ।युरोप अमेरिकाका मान्छे । बहुराष्ट्रिय कम्पनी, संयुक्त राष्ट्र संघीय एजेन्सीहरुमा यिनै सेता छालाका प्राणीहरुले ठुला ठुला पदमा विराजमान छन् । निर्णय उनीहरुले नै गर्छन र गरिव मुलुकहरु उत्पादनहित क्षेत्रमा लगानी गर्छन र त्यसबाट पनि शोषण नै गर्छन । यी कस्ता सेवा प्रदायक प्राणी होलान् ।

बेलायतमा आफ्ना धेरै सीहरु छन् । नेपालबाट नै विजय राउतजीलाई इमेल गरेको थियो । इमेलको आदेश बमोजिम कान्छाको इमेलमा नाम र ठेगाना पठाएको रहेछ । तर कान्छाले इमेल खोल्नेछ । आफू आइपुगेपछि खोलेको त सबै सूचना पाइयो । फोन नम्बर पाउनासाथ फोन गरेको त विजय जी भेट हुन सकेन । खबर छोडियो । एकछिन पछि फोन गऱ्यो । कुराकानी भयो । त्यसै दिन वेल्स जाने दिन थियो । वेल्समा पिजा प्यालेसमा वसिरहेको बेलामा विनो न्यौ पानेले फोन गरेको थयो । लामै कुराकानी भयो । भोलि पल्ट लण्डन फिर्ता आइयो । यहाँ आइपुग्दा पुग्दै दयानिधि र दाहालले फोन गरेको थियो । दहालजी खाद्य संस्थानको कर्मचारी युनियनको अध्यक्ष भएको थियो । उनकी श्रीमती नर्स भएकोले बेलायतमा काम सहजै मिल्यो । धेरै वेर गफ गाफ भयो । म माथि देखाएको श्रद्धा र सम्मान देखाउने आदरभावमा दुविभूत हुन पुगेछु । वास्तवमा बैंकका कर्मचारीहरुले दाई भनेर आदरार्थी भाव प्रदर्शन गर्थे । छलफल र कुराकानीमा खुशीको भाव उजागार हुन पुग्यो । एकछिन पछि यत्तिकैमा बाबु कृष्ण पाण्डेको फोन आयो । बाबु कृष्ण पाण्डे एप्रोस्क देखि कै चिनजानको साथी हुन । २०३७ साल तिर नेकपा मालेको कर्मचारी संगठनले भूमिगत पाराले पत्रिका कर्मचारी निकालिएको थियो । पत्रिका निकाल्नु अघिको तयारी छलफलमा आफ्नो राय किन लेखेको नाम र प्रकाशक पुरै खुला प्रकाशन गरों नि पुरै भूमिगत पाराले निकाले भन्ने सल्लाहलाई कमिटीले अनादर गऱ्यो । परिणाम धेरैको जागिर पालो गयो । आफू अस्थाइ जागिरे भएकोले अफिसलाई निकाल्न सजिलै भयो । नेपाल बैंकको प्रमेश हमाललाई पनि जागिरबाट बदेखलि गरियो । एप्रोस्कका राम चन्द्र भट्टराई र रुद्र देवकोटाको जागिर खाइदिए । गलत तरिकाको निर्णयको नतिजा खराब नै हुन्छ । वीके पाण्डेले नेपाल बैंकमा जागिर यही प्रकाशन लिएर विके पाण्डे तनहुँको बैंकमा जागिर खान गएका थिए । अनी २०४६ सालपछि एउटा राम्रो संगठक भएर आएछन् । पछि नेपाल बैंक लि.को कर्मचारी युनियनको अध्यक्ष पनि भए । नेकपा मालेका वामदेवको तर्फबाट तनहुँबाट सांसदको उम्मेदवार पनि बनेको थियो । हारे । हारे पछि बैंको जागिर पनि नभएको र राजनीति पनि राम्रो अवस्था नभएको कारणले अरु केहि त गर्नै पर्ने थियो । कसरी बेलायतमा चाँजो मिलाएर आएछन् । खुशी लागेको छ । सोझाको दैव सहाय भने झैं बेलायत आउर हालमा पत्रिका चलाउन पाउनु सक्नु खुशी कै कुरा हो । बधाइ छ । विके पाण्डेलाई ।

साथीहरुले माया गर्दा रहेछन् । बासु मिश्र भाई,



रा.वा.वैकको कृषिका कर्मचारी थिए । लामै समय संगै बसियो सायद उनको पनि श्रीमती नस हुन क्यारे । साथीहरुले कि धनलम्बे लम्बे बाटो, कि धन लम्बे , बाखो पाठो , कि नलचे ससुराली बाटो भन्ने पुरानो उखानमा हालमा भने कि त धन कमाउने बाटोमा श्रीमती नसै भएपनि लम्बे बाटो यात्रा पनि हुने र अमेरिका बेलायत, क्यानडा र अष्ट्रेलियामा पनि नर्सहरुले जागिर पाउन सजिलो भएकोले पनि श्रीमानहरुलार्य पनि लैजान सजिलो हुने भएको देखिन्छ । नर्सहरुले विदेशमा काम पाउना साथ उनका श्रीमानहरुलाई पछ्याउन सजिलो भई हाल्यो । अरु कुरलाई छोडेर, छोराछोरी पढाउन सजिलो हुने । अच्च शिक्षाका लिागि राम्रो पाठशाला र कलेजमा पढ्न पठाउन सक्दा पनि उच्च ज्ञान हासिल हुने हुँदा फायेदे फाइदाको यात्रा पो हुने रहेछ । विहान घाम लागेको थियो । बेलायतमा तीन बजे देखि नै उज्यालो काट्दो रहेछ । हामी उठ्ने बेला ६ बज्दा बज्दै निकै घाम आई सक्दो रहेछ । तरै पनि दश नबजी औ पचारिक रुपमा कार्यालय, गाडी पनि चल्दो रहेनछ । बेलुका पनि आठ नै बजे सम्म घाम लागे झैं उज्यालो नै रहँदो रहेछ । यो अप्ठेरो परिवेसमा आफूलाई रुपान्तरण गरेर समायोजन गर्न सजिलो रहेनछ । प्रयासरत छु ।

*क्रमशः*

## छिमेकीहरूको चीनप्रतिको आकर्षण भारतकै व्यवहारले उत्पन्न भएको हो

**एसडी मुनी**

नेपालमा वाम गठबन्धनको विजयलाई नयाँदिल्लीमा नराम्रो समाचारको रूपमा लिइएको छ । तर भारतकै उल्टो बुद्धिले नेपालमा वाम गठबन्धन बन्न र भारतविरोधी भावनासहितको नयाँ नेपाली राष्ट्रवादको उदय हुनमा योगदान दिएको छ । नेपाल भारत सम्बन्धमा हालसालै भएका विकासक्रम ससर्ति हेर्ने हो भने कुरा स्पष्ट हुन्छ । सन् २०१५ सेप्टेम्बर (२०७२ असोज) मा नेपालको संविधान निर्माण प्रक्रियामा भारतले प्रत्यक्ष र देखिने हस्तक्षेप गरेको थियो । विदेश सचिव पठाएर संविधान जारी गर्ने काम रोक्ने प्रयास भारतले गरेको थियो । संविधान जारी भएपछि संविधानमा मधेसीहरूका माग सम्बोधन गरिनुपर्ने भारतीय चाहनालाई ओलीले मतलब नगरेकाले भारतले दबाबकारी आर्थिक कूटनीति अपनाएको थियो, उनलाई दण्डित गर्ने मनसायले । संविधान जारी हुनेबित्तिकै सन् २०१५ सेप्टेम्बर/अक्टोबर (२०७२ असोज) मै भारतले ओलीलाई प्रधानमन्त्री बन्न नदिन सुशील कोइरालालाई समर्थन गरेको थियो । सन् २०१६ (२०७३ साउन) मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिन र कांग्रेससँग मिल्न प्रचण्डलाई प्रोत्साहन गरेको थियो ।

भारतका यी सबै क्रियाकलापले ओलीलाई मात्र रुष्ट बनाएनन्, नेपाली जनता पनि क्रुद्ध भए । किनकि यस्तो दबाबमूलक आर्थिक कूटनीतिको पीडा भोग्ने सर्वसाधारण नै थिए । भारतको यस्तो भूमिकाले ओलीलाई नेपाली जनताको भारत र मधेसविरोधी भावनाको उपयोग गर्दै भारतविरोधी राष्ट्रवादलाई बलियो बनाउन सघायो । यसैलाई आफ्नो शक्तिको आधार बनाउन ओली सफल भए । भारतको 'दबावकारी भूमिकाका कारण' चिनियाँ विकल्प खुला गरेर उनले भारतीय दबाब झेल्न सक्ने बहादुर नेताको छवि बनाउन र सम्प्रेषण गर्न सफल भए । अहिलेको चुनाव परिणाम यही दिशामा उनले लिएको अडानको नजिता हो ।

भारतले वाम गठबन्धनको विजय र नेपालमा जागेको नयाँ राष्ट्रवादसँग सामञ्जस्य खोज्नुपर्छ । भारतका प्रधानमन्त्रीको कार्यालय, विदेश मन्त्रालय र संस्थापनका अरू अंगमा आसीन रणनीति निर्माताहरूलाई वाम गठबन्धनलाई फुटाउने विकल्प सजिलो होला भन्ने लाग्न सक्छ । यस्तो अल्पकालीन दृष्टिकोण भारतको नेपाल नीतिमो अर्को महाभूल हुनेछ । गठबन्धन फुट्नु छ भने यो लेखमा पहिला नै दिइएका कारणले आफैं फुट्नेछ, त्यसमा भारतले दुस्साहस गर्नु हुँदैन । सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का केही राजनीतिक 'हेभिवेट' हरू नेपालमा कम्युनिस्ट र चीनको प्रभावविरुद्ध लड्न नेपाललाई पुनः हिन्दु राष्ट्र बनाउन र राजतन्त्र पुनर्जीवित गर्न चाहन्छन् । उनीहरूले यो जान्नु आवश्यक छ कि नेपाली जनताले हिन्दुत्व र सामन्ती संस्कार प्रतिनिधित्व गर्ने शक्तिहरूलाई यो चुनावमा नराम्रोसँग पराजित गराएका छन् । भारतले नेपालमा प्रत्युत्पादक बाटो अँगाल्नुको साटो नेपाली जनतालाई स्थिर सरकार र असल शासन दिने वाम गठबन्धनको प्रयासलाई सहयोग गर्नुपर्छ । भारतले आफू नेपाली जनताको सच्चा मित्र भएको र उनीहरूको विकास प्रयासमा सहयोग गर्न चाहेको शब्दमा होइन, स्पष्टरूपमा व्यवहारमा देखाउनुपर्छ । साथै भारतले नेपालमा धेरै समय रोकिएर रहेका परियोजना पूरा गर्नुपर्छ र सर्वसाधारण नेपालीको समेत विश्वास र सदिच्छा प्राप्त गर्ने गरी विकासका नयाँ परियोजनाहरू सुरु गर्नुपर्छ ।

काठमाडौंमा कम्युनिस्ट सरकारसँग व्यवहार गर्नुपरेको भारतका लागि यो पहिलो अनुभव होइन । नेपालीहरू खासगरी कम्युनिस्ट पार्टीहरू भारतसँगको १९५० को शान्ति तथा मैत्री सन्धि जस्तै केही पुराना सहमति र सन्धिहरू परिमार्जन गर्न चाहन्छन् । भारतले आफ्ना सम्झौता गर्न नमिल्ने राष्ट्रिय हितहरूलाई असर नपर्ने तरिकाले नेपालीहरूको मनोभावनाको कदर हुने गरी नेपालको यस्तो चाहनालाई इमानदारीपूर्वक सम्बोधन गरिदिनुपर्छ । भारतले भुटानसँग यस्तो अभ्यास गरिसकेको छ र नेपालसँग पनि त्यस्तै विधि अपनाउन सक्छ । भारत नजिकका छिमेकमा चीनको चुनौती रोक्न भारतलाई हम्मेहम्मे परेको छ । तर भारतका नीतिनिर्माताले के स्वीकार गर्नुपर्छ भने छिमेकीहरूको चीनप्रतिको आकर्षण भारतकै व्यवहारका कारण उत्पन्न भएको हो । भारतको छिमेकमा चीनको प्रभाव साना छिमेकीहरूप्रतिको भारतीय नीति पुनर्विचार र परिमार्जन गरेर केही हदसम्म कमजोर बनाउन सकिन्छ ।

*(भारतको अनलाइन समाचार पोर्टल 'द वायर' मा एसडी मुनिद्वारा नेपालको नवनिर्वाचित वामगठबन्धनबारे व्यक्त विचारको अंश)*